मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ११३ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ फागुन २७ गते मंगलवार (Tuesday, March 10. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

### आफ्नै सूचना

२०७६ फागुन २७ गते फागु पर्वको बिदाका कारण भोलि फागुन २८ गते बुधवार पूर्वाञ्चल दैनिक प्रकाशन नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

साथै होली (फागु) पर्व २०७६को पावन अवसरमा समस्त नेपालीमा शान्ति, सद्भाव, मेलमिलाप, एकता र बन्धुत्वभावको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

– व्यवस्थापक




## लालझोडा घटना अझै रहस्यमय

**बिनोद सापकोटा**



**झापा, फागुन २६।** एकै परिवारका चार जनाको ज्यान जाने गरी भएको आगलागी घटनाको भग्नावशेष नहटाउँदा स्थानीय बालबालिकाको मनोविज्ञानमा गम्भीर असर परिरहेको स्थानीय बताउँछन् ।

झापाको शिवसताक्षी-७स्थित लालझोडामा १३ महिना अघि आगलागी हुँदा एकै परिवारका चार जनाको जलेर ज्यान गएको थियो । ०७५ मंसीर १० गते राति घरमा लागेको आगोले दुई नावालकसहित चार जनाको घटनास्थलमै ज्यान गएको थियो ।

घटनामा ३४ वर्षीय लक्ष्मण खनाल, श्रीमती २८ वर्षीया राधिका, ४ वर्षीया छोरी चन्द्रा र पाँच महिनाका छोरा टीकारामको जलेर मृत्यु भएको थियो । प्रहरीले घटनाको अनुसन्धान भन्दै यतिका दिनसम्म वास्तविकता बाहिर ल्याउन सकेको छैन । घटना लगत्तै स्थानीय प्रहरीदेखि काठमाडौंसम्मका प्रहरी अधिकृत अनुसन्धानमा खटिएका थिए ।

स्थानीयका अनुसार ठूला-ठूला अपराधका घटनामा नेपाल प्रहरीले विश्वमा छबि बनाएको छ । तर, लालझोडाको कहालिलाग्दो घटनाको चिरफार त के प्रतिवेदन समेत सार्वजनिक गर्न सकेको छैन । प्रहरीलाई सोध्यो भने अनुसन्धान हुँदैछ भन्ने मात्र जवाफ आउँछ । इलाकादेखि जिल्ला हुँदै प्रदेश र केन्द्रीय प्रहरी प्रमुख पटक-पटक परिवर्तन भए । तर, लालझोडा घटनाको वास्तविकता भने अझै बाहिर आउन सकेन ।

घटनाका बिषयमा नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले आगलागी भएको भोलिपल्टै घटनास्थल पुगेर घटना भवितव्य हुनै नसक्ने बताएका थिए । स्थानीयले पनि प्रवक्ता शर्माको भनाइलाई समर्थन जनाउँदै अपराधिक मानसिकता भएका व्यक्तिबाट खनाल परिवारको बंशनाश भएको बताएका थिए । घटनाको सूक्ष्म अनुसन्धान गरी दोषी पत्ता लगाएर कारबाही गर्न नेपाल सरकारसँग प्रवक्ता शर्माले सार्वजनिक रुपमै माग गरेका थिए । तर, १३ महिना बित्दा कार्वाही त के, आगलागीको घटना प्रहरीले भवितव्य र नियोजित के हो छुट्याउन समेत सकेन ।

घटनास्थल यतिबेला झाडीले पुरिएको छ । यतिका अवधिसम्म आगलागीबाट डढेको घरको भग्नावशेष नहटाउँदा नजिकैको भानु माध्यमिक बिद्यालयका बालबालिका त्रासको शिकार भएका छन् । बिद्यालय आउँदा होस् वा जाँदा, उनीहरुमा डर छ । प्रधानाध्यापक डामकुमार कुँवरले भने- 'यो प्रशासनको लापरवाही हो, घटनाको मुचुल्का र अन्य आवश्यकीय प्रमाण संकलन गरेपछि देख्दै डर लाग्ने भग्नावशेष राखिरहनु ठीक होइन ।' बिद्यालयले स्थानीय प्रशासन र शिवसताक्षी नगरपालिकालाई लिखितै अनुरोध गरेको छ । तर, प्रशासनले आगलागीबाट डढेको घरको भग्नावशेष हटाएको छैन र हटाउन अख्तियारी समेत दिएको छैन ।

मृतक लक्ष्मणका बुवा रामकृष्ण खनालले भग्नावशेष हटाए प्रमाण नष्ट हुने भन्दै डढेको घरको खाँवा लगायतका काठ हटाउन दिएका छैनन् । उनले भने- 'जबसम्म प्रहरीले मेरो छोराको हत्यारा पत्ता लगाएर सार्वजनिक गरी कारवाही गर्दैन, तबसम्म घटनास्थल जस्ताको तस्तै रहन्छ, म हटाउनै दिन्नँ ।'

*(बाँकी अन्तिम पृष्ठमा)*

## पेस्तोलसहित एक जना पक्राउ

**भद्रपुर, फागुन २६।** झापाको दमकमा एक थान कटुवा पेस्तोलसहित एक व्यक्ति पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मोरङ जिल्ला मिक्लाजुङ गाउँपालिका- ९ मधुमल्ला बस्ने अन्दाजी ४४ वर्षीय मेघराज गौतम रहेको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय दमकको टोलीले विशेष सूचनाको आधारमा उनलाई दमक नगरपालिका-३स्थित मधुमल्ला पुल नजिकैबाट सोमबार दिउँसो पक्राउ गरेको बताइएको छ ।

प्रहरीले उनको साथबाट एक थान कटुवा पेस्तोल, एक थान बुलेट गोली, दुई वटा खोका बरामद गरेको छ । यता पेस्तोलसहित पक्राउ गरिएका उनलाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।

यसैबीच पर्साको वीरगञ्ज महानगरपालिका-२७ रामपुर टोलबाट अवैध लागूऔषध गाँजा करिब पाँच

*(बाँकी अन्तिम पृष्ठमा)*

## रोजाइमा बेतका सामग्री

**सुरेन्द्र भण्डारी/नरेन्द्र ढकाल**



**बिर्तामोड, फागुन २६।** गोपाल दास विगत चार वर्षदेखि झापाको काँकरभिट्टामा बेत बाँसका सामग्री निर्माण गर्दैछन् । उनी भारतीय नागरिक हुन् । भारतको शिलगढीस्थित सेवकमोडका उनले बेतका विभिन्न सामग्री निर्माण गरेर मासिक ३०/४० हजार रुपैयाँ बचत गर्दै आएका छन् ।

विगत ३० वर्षदेखि बेतबासका विभिन्न सामग्री बनाउँदै आएका उनले भारतमा भन्दा नेपालमा कमाई राम्रो हुने बुझेपछि चार बर्ष अघि नेपाल भित्रिएका थिए । सानै उमेरबाट शिलगढीमा वेतका विभिन्न साम्रगी बनाउन सिकेका उनले लामो समयसम्म भारतका विभिन्न ठाउँमा काम गरे । तर, भारतमा भन्दा नेपालमा ज्याला धेरै पाइने भएपछि उनी अहिले काँकरभिट्टास्थित मुक्ति श्रेष्ठको मेची वेत बाँस उद्योगमा काम गर्छन् । उनी मात्र होइन सोही ठाउँका कृष्ण दास पनि सोही उद्योगमा काम गर्दै आएका छन् ।

पछिल्लो समय वेतका सामग्रीले बजार पाएपछि मेचीनगर-६ काँकरभिट्टामा झण्डै दर्जनको हाराहारीमा वेतका सामग्री

*(बाँकी अन्तिम पृष्ठमा)*

## स्कुटर सिकाउँदा बलात्कार

**झापा, फागुन २६।** आफन्तको संरक्षणमा बस्तै आएकी एक किशोरीलाई सुनसरीको धरानमा स्कुटर सिकाउने वहानामा बलात्कार गरेको घटना सार्वजनिक भएको छ ।

१४ वर्षीया किशोरीलाई धरान-६ पानबारी बस्ने सन्तोष कार्कीले स्कुटर सिकाउने वहानामा जंगलमा लगेर वलात्कार गरेको उजुरीका आधारमा

*(बाँकी अन्तिम पृष्ठमा)*

## ताप्लेजुङ सेमीमा



**अर्जुनधारा, फागुन २६।** साविक विजेता ताप्लेजुङको कर्णसिंह सोनाम फुटबल क्लब झापाको अर्जुनधारामा जारी प्रदेश नम्बर १स्तरीय महिला फुटबल प्रतियोगिता सुखानी शहीद स्मृति गोल्डकपको

*(बाँकी अन्तिम पृष्ठमा)*

### डाक्टर आउने बारेको सूचना

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेउ (०२३-५४२८४५)

### यौन तथा प्रजनन् रोगका विरामीहरूका लागि खुशीको खबर

**फागुन २८ गते बुधवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।**

**हाम्रा सेवाहरु:** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, महिलाहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)







### कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा

**डा. बिकाश जैशी**
MBBS, MD (INTERNAL MEDICINE)
DM (HEPATOLOGY) NAMS
बरिष्ठ लिवर (कलेजो), पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपाटाइटिस रोग बिशेषज्ञ
यसपटक २०७६/११/२५ आईतबार
बिर हस्पिटल काठमाडौबाट
अग्रिम नाम दर्ता गर्नुहोस् ।

**डा. अभिलाशा शाह**
MBBS, MD (INTERNAL MEDICINE)
Fellowship in Rheumatology & clinical Immunology
(Sir Gangaram Hospital, Delhi)
बरिष्ठ बाथ रोग बिशेषज्ञ
यसपटक २०७६/११/३० शुक्रबार र १२/०१ शनिवार नर्भिक हस्पिटल काठमाडौबाट अग्रिम नाम दर्ता गर्नुहोस । बिर हस्पिटल काठमाडौबाट अग्रिम नाम दर्ता गर्नुहोस् ।

**२४सै घण्टा उपलब्ध सेवाहरु**

- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फामेर्सि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रशुति शल्यचिकित्सा
- हाडजार्नी तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८९८,५४००७८
९८११३३५६२४

नेपाल सरकार स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं ।

# स्ट्रबेरी खेती हेर्न बाह्रदशी जाने कि !



**विनोद पाण्डे**

**चारपाने, फागुन २६।** झापाको बाह्रदशी-१ जनता बजार पश्चिम, घाग्रा खोला किनारमा गोल्यान एग्रो ट्रेड प्रालिले शुरु गरेको स्ट्रबेरी खेती हेर्न आजभोलि मानिसको घुइँचो लाग्दै गएको छ ।

पूर्वको लागि यो खेती नौलो भएकाले झापा र जिल्ला बाहिरबाट स्ट्रबेरी खेती हेर्न र ताजा स्ट्रबेरी खरिद गर्न यतिखेर दैनिक १ सयदेखि ४ सयको संख्यामा मानिसहरु फर्ममै आउने गरेको स्ट्रबेरी फर्मका कर्मचारी राजेन्द्र भट्टले बताए ।

काठमाडौंस्थित गोल्यान एग्रो ट्रेड प्रालिले ३५ बिगाह क्षेत्रफलमा यो खेती शुरु गरेको हो । गत वर्ष परीक्षणको लागि चार कट्ठा जमिनमा गरिएको थियो भने परीक्षण सफल भएपछि चालू आर्थिक बर्षमा ३५ बिगाह जमिनमा खेती गरिएको बताइएको छ ।

भारतको कोलकत्ताबाट चार प्रकारका स्ट्रबेरीको बिरुवा ल्याएर खेती शुरु गरिएको बताइएको छ । चिसो र उच्च क्षेत्रमा मात्र हुन्छ भन्ने गरिएको यो खेतीले कृषकलाई फलेको स्ट्रबेरीले अचम्मित बनाएको छ ।

स्वीट सेन्सेसन, स्वरीडा ब्यूटी, क्यामारुजा र नामिलिया जातका गरी ६ लाख स्ट्रबेरीका बिरुवा लगाइएका छन् भने करिव ४ लाख बोटले उत्पादन दिइरहेको छ । अरु बिरुवाबाट पनि उत्पादन तयार भइरहेको बताइएको छ ।

मौसमी खेतीका रूपमा लगाइने स्ट्रबेरी लगाइएको दुई महिनादेखि नै फल्न थाल्छ । चार महिनासम्म रहने भएकाले यसको बजारका लागि कुनै समस्या नरहेको कम्पनीले जनाएको छ । हाल प्रदेश १का मुख्य शहरहरु र काठमाडौंमा बिक्रीका लागि पठाउने गरिएको स्ट्रबेरी उपभोक्ताको माग अनुसारको बजारमा पुर्‍याउन नसकिएको कर्मचारी भट्टले बताए । हरेक तीन दिनमा स्ट्रबेरी टिप्ने गरिएको छ । अझै एक महिनासम्म उत्पादन भइरहन्छ- उनले भने । हाल सम्ममा करिव ५० हजार टन स्ट्रबेरी बजारमा बिक्री भइसकेको बताइएको छ भने समय र मौसम अनुसार मूल्य फेरबदल भइरहने भए पनि यतिवेला कम्पनीले स्ट्रबेरीलाई तीन तहमा बर्गीकरण गरेर मूल्य निर्धारण गरेको छ । जस अनुसार प्रतिकिलो ४ सयदेखि १ हजार रुपैयाँसम्ममा विक्री गर्ने गरेको बताइएको छ । रु. १० करोडभन्दा बढीको लगानीमा शुरु गरिएको यस खेतीमा हाल ५० जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् । बिगतमा औद्योगिक क्षेत्रमा लगानी गरिरहेको गोल्यान ग्रुपले यस वर्षदेखि कृषिमा समेत लगानी शुरु गरेको हो ।

कृषिलाई पूर्ण व्यवसायिक बनाउँदै कृषिबाट नेपाललाई आत्मनिर्भर बनाउन सकिन्छ भन्ने एक उदाहरण बनेको छ- बाह्रदशीको यो कृषि फर्म । नेपालको विभिन्न ठाउँमा गरी एक हजार विगाह क्षेत्रफलमा फलफूल खेती गर्ने लक्ष्य अनुसार हाल २ सय विगाहमा अर्ग्यानिक फलफूल खेती शुरु गरिसककेको कम्पनीका कृषि वैज्ञानिक विवेक शुक्लाले बताए । स्ट्रबेरी उत्पादन सकिएपछि सोही ठाउँमा भुइँकटहर (अनारस) लगाउने तयारी गरिएको समेत शुक्लाले जानकारी दिए ।

# होलीमा लाइभ कन्सर्टसहित भीड प्रतिबन्ध

**पार्थ मण्डल**

**भद्रपुर, फागुन २६।** झापामा आज मंगलवार मनाइने फागु पूर्णिमा अर्थात् होली पर्वमा लाइभ कन्सर्टसहित भीडभाड गर्न नदिने भएको छ ।

कोरोना भाइरस (कोभिड १९) संक्रमण फैलिने त्रासलाई लक्षित गरी जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालय झापाले होलीका दिन उच्च सुरक्षा सतर्कता अपनाउँदै लाइभ कन्सर्टसहित भीडभाड गर्न नदिने जनाएको हो । होलीका दिन जिल्लामा विभिन्न स्थानीय तहका सडक तथा होटेलहरूमा लाइभ कन्सर्टसहित एक ठाउँमा जम्मा भएर होली मनाउने चलन छ ।

सोही कुरालाई मध्यनजर गरी यसबर्ष कोरोना भाइरसको कारण जिल्लामा यस्तो सुरक्षा सतर्कता अपनाइएको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक तथा प्रवक्ता महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । 'एक ठाउँमा जम्मा भएर वा भीडभाड गरेर होली मनाउँदा कोरोना सर्ने जोखिम छ'- प्रहरी नायव उपरीक्षक श्रेष्ठले भने- 'त्यसैले होली मनाउँदा झापावासीलाई विचार पुर्‍याउन आग्रह गर्दछु ।' यसअघि प्रशासन कार्यालय झापाले होली पर्वलाई लक्षित गरी पानीमा नभिज्न, अबिर र लोला हान्ने कार्य नगर्न र एकैठाउँ भीड नगर्न सूचना प्रकाशन गर्दै अनुरोध गरिसकेको छ ।

यता जिल्लामा होलीका दिन हुने उच्छृंखल गतिविधि रोक्न व्यापक प्रहरी परिचालन गरिने प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए । मादक पदार्थ सेवन गरी मोटरसाइकल चलाउने, तीन जना चढ्ने जस्ता व्यक्तिलाई तत्काल पक्राउ गरी कारबाही गरिने उनको भनाइ छ ।

**दुई दिन सार्वजनिक बिदा**

फागु पूर्णिमा अर्थात् होली पर्वका लागि झापा जिल्लामा दुई दिन सार्वजनिक बिदा दिइएको छ । सरकारले विगत चार वर्षदेखि झापा जिल्लालाई तराईसँग अलग्याएर होली पर्वको सार्वजनिक बिदा दिँदै आइरहेकोले हरेक वर्ष होलीको बिदा विवादित बन्दै आएको थियो ।

सरकारले सोमबार पहाडी जिल्लामा होलीको सार्वजनिक बिदा दिएकोले सोही निर्णय बमोजिम झापामा सार्वजनिक बिदा दिइएको प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरले जानकारी दिए । मंगलवार तराईमा होली भएको हुँदा झापावासीले पनि सोही दिन होली मनाउने भएकोले मंगलवार प्रदेश सरकारको बिदा अनुसार सार्वजनिक बिदा दिइएको प्रजिअ राना मगरले बताए ।

'होलीमा केन्द्रीय र प्रदेश सरकारले छुट्टाछुट्टै बिदा दिएकोले समस्या भएकै हो- प्रजिअ रानामगरले भने- 'त्यही कारणले जिल्लामा दुई दिन सार्वजनिक बिदा दिनुपर्‍यो ।' दुवै दिन संघीय तथा प्रदेश सरकार मातहत रहेका जिल्लाका सबै सरकारी कार्यालय बन्द हुने उनले बताए ।

१ नम्बर प्रदेश अन्तर्गतको तराई पर्ने झापालाई सरकारले २०७३ सालदेखि पहाडी जिल्लासँग जोडेर होली पर्वको सार्वजनिक बिदा दिन थालेपछि जिल्लाको बिदामा समस्या आइरहेको थियो । यो निर्णयलाई सच्याउन पटक-पटक झापावासीले आवाज उठाए पनि सरकारले कुनै चासो देखाएको थिएन ।

## लिङ्गो ढालेर जलाएपछि...



■ सिमा त्रिताल

रङहरूको पर्वका रूपमा मनाइने यस वर्षको होली शुरु भएको छ । हरेक वर्ष फागुन पूर्णिमाका दिन मनाइने होली असत्यमाथि सत्यको विजयका रूपमा मनाउने परम्परा छ । होली पर्व नेपाल र भारतमा विशेष र प्रमुख चाडका रूपमा मनाइन्छ/मनाउने गरिन्छ ।

परापूर्वकालदेखि भगवान् विष्णुका परमभक्त प्रह्लादसँग यस पर्वलाई जोडेर हेर्ने गरिन्छ । हिरण्य कस्यपुका पुत्र प्रह्लादलाई आफ्नै फुपू होलिकाले आगोमा भष्म पार्न लाग्दा होलिका आफैँ आगोमा भष्म भएको पौराणिक छ । विष्णुभक्त प्रह्लादलाई त्यसरी जोगिएको दिनको सम्झनामा होली पर्व मनाउन शुरू भएको मानिन्छ ।

पौराणिक मान्यता अनुसार होलीसँग श्रीकृष्णको पनि गहिरो सम्बन्ध छ । यो पर्वलाई राधा र कृष्णको प्रेमको प्रतीकको रूपमा हेरिने गरिन्छ । त्यसैगरी पौराणिक कथाका अनुसार जब कंशलाई श्रीकृष्ण गोकुलमा भएको कुरा थाह हुन्छ, उसले पुतना नामक राक्षसलाई गोकुलमा जन्मेका सबै बच्चाहरूलाई मार्न पठाएको सन्दर्भ पनि होलीको पौराणिक कथामा उल्लेख गरेको छ ।

पुतनाले स्तनपानको वहानामा सबै बच्चाहरूलाई विषपान गराउन बनाएको योजना श्रीकृष्णले बुझिसकेका थिए । उनले स्तनपान गराउँदा गराउँदै पुतनाको बध गरिदिए । त्यो समयदेखि नै होली पर्व मनाउने मान्यता शुरु भएको हो ।'

होली पर्वले वसन्त ऋतुको आगमनको शंखघोष समेत गर्दछ । होली रङहरूको पर्व हो । होलीको दिन मानिसहरूले एक अर्कामाथि विभिन्न प्रकारका रङहरू हालेर एक अर्कालाई रंगीन बनाउँछन् । होली पर्व मनाउनुको पौराणिक कारणमाथि उल्लेख गरिए झैं भए पनि योसँग जोडिएका फरक-फरक ऐतिहासिक तथ्य रहेका छन् ।

**यसरी मनाइन्छ होली**

होली खेल्न शुरु गर्ने दिनभन्दा एकदिन पहिले राति होलिका दहन गर्ने चलन छ । राति होलिका दहन गरिसकेपछि बिहान पानीमा रङ घोलेर एक अर्कामाथि फाल्ने चलन छ । बालबालिकादेखि वृद्धवृद्धासम्म सबैले होलीमा रमाइलो गर्छन् । युवायुवतीहरू गीत गाउँदै र नाच्दै होली खेल्छन् । भनिन्छ, होलीको दिन पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एकअर्कासँग एक अद्वितीय सम्बन्ध स्थापित गर्दछन् । यस पर्वलाई फागुन पूर्णिमाको दिनमा मनाइने भएकाले यसलाई 'फगुआ' पनि भन्ने गरिन्छ ।

**होली मनाउनुको कारण**

होली पर्व घरपरिवार र साथीभाइ आपसमा रङमा रंगिएर उल्लासपूर्वक मनाउने फागुन पूर्णिमाको अवसरमा पहाडदेखि तराई र गाउँदेखि शहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरूका हुल तथा जत्थाहरू हातमा रङ र रंगीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमंगका साथ मनाउने गर्छन् ।

फागुन शुक्ल अष्टमीको दिन काठमाडौंको वसन्तपुर दरबार अगाडि चीर तथा ध्वजाले विशेषरूपले सजाएको लिंगो गाडेपछि होली शुरू भएको मानिन्छ । फागू पूर्णिमाको राति लिङ्गोलाई ढालेर जलाएपछि होली समाप्त हुन्छ ।

# ब्याच र माला बनाउँदै महिला



**बिर्तामोड, फागुन २६।** झापाको बिर्तामोड-४मा रहेको सुन्दर बचत आमा समूहले समुदायका १६ जना महिलाहरुलाई आत्मनिर्भर बनाउने प्रयत्न गरेको छ ।

उनीहरुलाई वडा नम्बर ४को सहयोगमा समूहले विभिन्न सिपमूलक तालिम प्रदान गर्दै आत्मनिर्भर बनाउने प्रयास गरेको हो । महिलालाई समूहले १० दिनसम्म सिपमूलक तालिम प्रदान गरेको छ ।

तालिममा अतिथिका लागि ब्याच बनाउन, कपडाको झोलाबाट माला बनाउन, काठको भुसबाट र ढुङ्गाको धुलोबाट पेन्टिङको सामग्री बनाउन, लालीगुराँसको फूल, गुलावको फूल, स्टेज सजावटको सामग्री बनाउन सिकाइएको छ ।

तालिममा सहभागी महिलाहरुलाई सुन्दर बचत आमा समूहकी कोषाध्यक्ष तथा प्रशिक्षक गंगा शिवाकोटी ढकालले प्रशिक्षण प्रदान गरेकी थिइन् । तालिम समापन समारोहमा बिर्तामोड नगरपालिका उपप्रमुख पवित्रा महतरा प्रसाईले सिकेको सिपलाई व्यवहारमा उतार्न सहभागीलाई सुझाव दिएकी थिइन् ।

समूहकी अध्यक्ष तुलसा लुइँटेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत समूहकी सदस्य गीता थपलियाले गरेका थिइन् । कार्यक्रममा बिर्तामोड वडा नम्वर ४का अध्यक्ष कुलप्रसाद संग्रौला, सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष उत्तम खनाल, भगवती मेचे खरेल, प्रशिक्षार्थी यमुना आचार्य लगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन समूहकी सदस्य सुशीला पाठकले गरेकी थिइन् ।

## स्कुटर ...

प्रहरीले कार्कीलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार गत फागुन ११ गते कार्कीले ती किशोरीलाई बलात्कार गरेको बताइएको छ । किशोरीका संरक्षक संखुवासभा गएको समय पारेर कार्कीले किशोरीलाई बलात्कार गरेको प्रहरीले जनाएको छ ।

उनीहरू फर्केर धरान आएपछि किशोरीले आफूलाई कार्कीले बलात्कार गरेको जानकारी दिएपछि सोमबार किटानी जाहेरी दिएको इलाका प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक ढुण्डीराज न्यौपानेले जानकारी दिए । प्रहरीले कार्कीलाई किशोरीको जाहेरीका आधारमा पक्राउ गरेर हिरासतमा राखेको छ ।

## रोजाइमा ...

बनाउने उद्योग सञ्चालनमा छन् । ती उद्योगले दिनहुँ बेतका सामग्री निर्माण गर्दै बजारको मागलाई धानिरहेका छन् । विगत डेढ बर्षदेखि मेची बेत वाँस उद्योग सञ्चालन गर्दै आएका श्रेष्ठले भारतीय कालिगढ लगाएर भए पनि बजारको माग धानिरहेका छन् । बेतको सामग्री निर्माण गर्ने नेपाली कालिगढ नहुँदा श्रेष्ठको जस्तै भारतीय कालिगढको प्रयोग गर्दै अधिकांश उद्योगले बेतका सामग्री निर्माण गरेर मनग्ये आम्दानी गरिरहेका छन् ।

परम्परागत शिल्पकलामा घर बनाउन, कृषि कार्यसँगै जीविकोपार्जनका लागि विभिन्न सामान बनाउन बाँस र बेतको प्रयोग गरिन्थ्यो । अहिले डोको, डालो, नाइ्लो, मान्द्रोलगायतका सामान मात्र होइन आकर्षक र आधुनिक फर्निचर निर्माणमा समेत बाँस र बेतको प्रयोग बढ्दो छ। सजावटमा बाँस र बेतको प्रयोगलाई एशियाकै पुरानो कला पनि मानिन्छ ।

मेचीनगर नगरपालिका-६का श्रेष्ठले घरमा प्रयोग हुने टेबल, कुर्सी, न्याक, ह्याङ्गर, फुड बास्केट, कोका, मुढा आदि भारतीय कालिगढको प्रयोग गर्दै बनाएका छन् । उनले तयार गरेका सबै सामग्री पूर्बका बजारमा खपत हुने गरेको छ । बेत बाँसका फर्निचरहरू लोकप्रिय हुँदै गएपछि अहिले काँकरभिट्टा मात्र होइन बिर्तामोड लगायतका बजारमा पनि उद्योगहरू खुल्न थालेका छन् ।

वेतका सामग्रीको प्रयोगले घर तथा होटलको सजावट राम्रो देखिने भएकाले अधिकांशले अहिले वेतको सामग्री प्रयोग गर्दै आएको श्रेष्ठको भनाइ छ । अहिले नयाँ डिजाइनमा खुलेका अधिकांश होटलले समेत बेतका सामग्री प्रयोग गर्दै आएका छन् । बेतका सामग्री प्रयोग गर्ने होटल सञ्चालकमध्ये बिर्तामोडस्थित होटल हेभनका सञ्चालक राजु न्यौपाने पनि एक हुन् । वेत बाँसबाट निर्मित सामग्री पानीले भिजेपनि केही नहुने भएकाले आफूले अधिकांश फर्निचरका सामग्री वेतको प्रयोग गरेको उनले बताए ।

नेपालमा पानी वेत मात्र पाइने हुँदा अधिकांश वेत बाँस भारतको आसामबाट नेपाल ल्याइन्छ । कालिगढ पनि भारतीय बेत वाँस पनि भारतीय-मेची बेत बाँस उद्योगका सञ्चालक श्रेष्ठ भन्छन्- थोरै मार्जिनमा पनि हामीले काम गर्दै आएका छौं । बेतका सामग्रीको बजार राम्रो भएकाले आफूले यो व्यवसाय सञ्चालन गरेको बताउँदै उनी भन्छन्- 'नेपालमै बेत वाँस पर्याप्त पाइने भए नेपालीले बेतका विभिन्न सामग्री तयार गरेर पर्याप्त आम्दानी गर्न सक्ने थिए । तर, बेत पनि भारतीय, कालिगढ पनि भारतीय हुँदा यहाँका उद्योग सञ्चालकले थोरै मुनाफामा काम गर्नुपर्ने अवस्था छ ।'

भारतबाट आएका कालिगढले बेतको सोफा सेट बनाएको दश हजार रुपैयाँ लिन्छन्- श्रेष्ठले भने - वाँस खरिदमा पनि त्यतिनै रुपैयाँ लाग्छ । ३० देखि ३५ हजार रुपैयाँमा हामीले सोफासेटसहित टेवल पनि दिनुपर्छ ।' उनीहरुले ज्यालादारी गरेरै भए पनि मासिक ३० देखि ५० हजार रुपैयाँसम्म लाने गरेका छन् । मेचीनगरमा झण्डै ५० जनाको हाराहारीमा भारतीय कालिगढ रहेको बताइन्छ ।

## लालझोडा ...

मैले पटक-पटक प्रशासनलाई भनेको छु, घटनाकै दिन पत्रकारसँग बोलेको कुराको स्मरण गर्दै उनले भने- 'बाँच्नलाई गुहार माग्दा पनि बाँच्न नपाउने गरी मेरो एउटा वंश सखाप बनाइयो । के अपराध गर्‍यो मेरो छोराले ? खाउँ-खाउँ भन्ने उमेरका मेरा छोरा-बुहारी र ती अवोध नातिनातिनाले के बिराएका थिए ? ६५ वर्षको उमेरमा मैले कसरी चित्त बुझाउने? मेरो ठाउँमा आएर उभिदेऊ सरकार ।'

मृतक लक्ष्मणका बुवा रामकृष्णले अगाडि भने- 'त्यो घटना दुर्घटना हुँदै होइन । छोराको घरमा आगो लागेको एक साताअघि लालझोडाकै डम्बर निरौलाको बारीका सयौं बिरूवा काटिनु, घरमा पार्किङ गरिएको अटो खोलामा ल्याएर फालिनु अनि मेरो वंशनै विनाश हुने गरी घरमा आगो लगाएर मेरो परिवारको कायरतापूर्वक हत्या गर्नु, लालझोडामै बाछीलाई करणी गर्नु । यतिका प्रतिनिधिमूलक घटनाले पनि त्यो घटना नियोजित हो भन्ने आधार हुँदाहुँदै किन प्रशासनले कानमा तेल हालेर बस्यो ?'

स्थानीयले उक्त घटना बिर्सन सकेका छैनन् । झिलझिलेबाट महाभारा जाने सडकको १०० मिटर पश्चिममा आगलागी भएको घटनाको भग्नावशेष दिनहुँ देखिन्छ । लालझोडा पश्चिम सृजना चोक जाने बाटैमा रहेको घटना स्थलमा रात बिहान सर्वसाधारण हिँड्न पनि डराउँछन् । मेलापात र बजार गर्दासँगै हिँड्ने खनाल दम्पत्तिका दौंतरी र नजिकैको विद्यालयमासँगै पढ्ने चन्द्राका साथीले आगलागीको घटनाको भग्नावशेष आँखै अगाडि देख्दा घटना विर्सनसकेका छैनन् ।

आगलागीपछि लालझोडाका स्थानीयमा त्रास अझै छ । रातभर निद्रा नलाग्ने, डर पैदा हुने, तर्सिने, आगलागीकै घटना सपनामा आउनेजस्ता समस्या रहेको स्थानीय डम्बर निरौलाले बताए । स्थानीयले भग्नावशेष हटाइदिन स्थानीय प्रशासन र पालिकालाई अनुरोध गरेका छन् । घटनास्थलमा पुराण लगाउने स्थानीयको योजना मृतकका आफन्त र प्रशासनकै कारण तुहियो ।

## ताप्लेजुङ ...

सेमीफाइनलमा प्रवेश गरेको छ ।

अर्जुनधारा-९ स्थित नमूना खेलमैदानमा सोमबार सम्पन्न खेलमा सुनसरीको माउण्ट एभरेष्ट स्पोर्टिङ क्लबलाई २-० गोल अन्तरमा पराजित गर्दै कर्णसिंह सेमीफाइनल प्रवेश गरेको हो । कर्णसिंहको जीतको लागि पहिलो हाफको ३४औं मिनेट र दोस्रो हाफको १८औ मिनेटमा सुष्मा खातीले गोल गरेकी थिइन् । खेलको वुमन अफ द म्याच घोषित कर्ण सोनामकी सुष्मा खातीलाई प्रमुख अतिथि प्रदेश १का सांसद् एवम् सुशासन तथा योजना समितिका सभापति अर्जुन राई र नमूना सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष भानु श्रेष्ठले संयुक्त रुपमा नगद तीन हजारसहित ट्रफी प्रदान गरेका थिए ।

त्यसैगरी ताप्लेजुङको खेल मन पराएर ताप्लेजुङ ढुङ्गेसाँघु निवासी अस्थाई प्रहरी बिट सालबारीका पूर्व इन्चार्ज हवल्दार बलबहादुर तामाङले टिमका कोच डिकबहादुर सुब्बालाई नगद पाँच हजार हस्तान्तरण गरेका थिए । मंगलबारको पहिलो सेमीफाइनल खेल झापाको कनकाई नगर खेलकुद विकास समिति र मोरङको लेटाङ फुटबल क्लबबीच हुने आयोजक प्रतिष्ठानका व्यवस्थापक पुष्पलाल तिवारीले जानकारी दिए ।

## पेस्तोलसहित ...

केजीसहित बहादुरमाई नगरपालिका-९ बस्ने ६० वर्षीय सहनदिन मियाँ पक्राउ परेका छन् ।

त्यस्तै धनुषा, सबैला नगरपालिका-१० अमरखाना चोकबाट नियन्त्रित लागूऔषधसहित धनुषाधाम नगरपालिका-७ बस्ने ४० वर्षीय रामभगत कापड र सोही नगरपालिका-८ बस्ने २४ वर्षीय सरोज थापा पक्राउ परेका छन् ।


## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)

## कर्मचारी तु-आवश्यकता

लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

तलबः १०,००० (बोनसले तेल हाल्न पुग्ने)


सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## सत्य र न्यायको जित होस्

**आज तराईवासी नेपालीले हर्षोल्लासपूर्वक मनाउने पर्व होली । पहाड र उपत्यकावासीले हिजो फागु पूर्णिमा मनाएर आपसमा सद्भाव, स्नेह र हार्दिकता साटासाट गरे । हाम्रा अनेक पर्वहरुमध्ये होलीको छुट्टै महत्व छ । पौराणिक कथन अनुसार आगोले समेत नपोल्ने बरदान पाएकी होलिकाले प्रल्हादलाई काखमा राखेर डढाउन खोज्दा होलिका स्वयम् जलेर मरेकी थिइन् । यसले दुराचारी, दुर्नियत भएकाहरुले अन्ततः पराजय नै हुन्छ भन्ने सिद्ध गरेको छ । त्यस्तै भगवान कृष्णले दूध खुवाएर मार्न आएकी पुतनालाई दूध खाएरै बध गरेको प्रसंग पनि यो दिनमा जोडिएको छ । पुतनाको मृत्युपछि गोपालवासीहरुले कृष्णको जयकार गर्दै रंगको उत्सव मनाएको पौराणिक इतिहासमा वर्णन गरिएको छ ।**

**होलीमा प्रयोग गरिने रंगको बेग्लै विशेषता छ । अझ जाति पिच्छे होलीलाई फरक–फरक तरिकाले मनाइन्छ । खासगरी उपत्यका र मिथिला क्षेत्रमा पौराणिक कथा अनुसार होली अर्थात् फागु पूर्णिमा मनाउने गरिएको छ । यसपर्वमा आफूभन्दा ठूलाको गोडामा पूजा गरेर आशिर्वाद लिएर टीका लगाएपछि सामुहिक रंग खेल्ने गरिन्छ । पहाड र तराईमा फरक–फरक दिन मनाइने परम्परा अनुसार सरकारले अलग–अलग विदा दिने गरेको छ । होली साम्प्रदायिक सद्भावको समेत पर्व भएका कारण विशेष र मीठो परिकार पकाएर खुवाउने र खाने चलन नेपाली समाजको विशिष्टता नै हो ।**

**बैदिक सनातनी संस्कृतिसँग जोडिएका यो र यस्ता चाडपर्वहरु परम्परा र मान्यता अनुसार नै मनाइनुपर्दछ । इच्छा नहुनेलाई पानी, रंग र लोला हान्ने विकृत र उच्छृंखलता अहिले केही कम हुँदै गएको छ । तर, होलीका नाममा भाङ, गाँजा जस्ता लागू पदार्थ र मादक पदार्थ सेवन गरेर उदण्डता प्रदर्शन गर्नु होलीको पहिचान होइन र हुन सक्दैन । त्यसकारण पनि आ–आफ्नो भूगोल, क्षेत्र र जातीय परम्पराको अनुशरण गर्दै मौलिकताको रक्षा गर्नु सबैको कर्तव्य हुनुपर्दछ ।**

**यो बर्ष चीनबाट शुरु भएको कोरोना भाइरसको महामारीले विश्व आक्रान्त छ । सीमा जोडिएका कारण यसको त्रासबाट नेपाली मुक्त छैनन् । त्यसैकारण यो बर्ष सरकारले नै मानिसको भीडभाड हुने खालका सभा, समारोह, भोजभतेर र होली पर्व सामुहिक रुपमा नगर्न–नमनाउन सूचना गरेको छ । यसकै प्रभावमा झापा आज मनाइने होली पर्व पारिवारिक मात्र हुने अपेक्षा गरिएको छ । जे होस्, जसरी होस् घर आँगनमा प्रवेश गरेको होली जसले मनाउँछ उसले प्रेम, सद्भाव, हार्दिकता साटोस् । मनका कल्मषहरु मेटिएर निर्मल र पवित्र बनोस् । देशमा व्याप्त दुराचार, भ्रष्टाचार, बेथितिहरु अन्त्य होउन् । हिरण्यकुश्यपु, होलिका, पुतना र कंश प्रवृत्तिको नाश होस् । सत्य, न्याय, इमान र सदाचारिताको जित होस्, होली पर्वको शुभकामना ।**

सामाजिक सञ्जाल



सुरक्षण मुद्रणालय भ्रष्टाचार प्रकरणको गहिराइमा गएर राज्य, सरकार र पार्टी सबै तहबाट भ्रष्टाचारी लाई कार्वाई गर्नु जनता, देश र नेकपाको हित र सुशासनका लागि अत्यावश्यक छ। कसैलाई ससानो मुद्दामा ठूलो प्रहार हुने र कसैलाई गम्भीर भ्रष्टाचारमा केही नहुने गल्ती कहींबाट पनि हुनुहुँदैन ।

**– भीम रावल**



हाम्रो समाजमा शोषक, लुटेरा, भ्रष्ट, ठग, फटाहा र अपराधीहरु छन् र त्यस्ता तत्व एवम् प्रबृत्तिबाट समाजलाई मुक्त गर्न नै हामी राजनीतिमा सकृय हुनु परेको हो । हामी राजनीतिलाई समेत सफा गर्दै समाजलाई सभ्य, स्वच्छ र समृद्ध बनाउन संघर्षरत् छौं र रहनेछौं । कुनै षड्यन्त्रले हामीलाई बिचलित बनाउनेछैन ।

**– नारायण काजी श्रेष्ठ प्रकाश**



राजनीतिको विकृत अभ्यास प्रति जनतामा आक्रोश बढ्दो छ। राजनीतिको विकल्प 'अराजनीति' होइन, उन्नत राजनीति हो । यो कुरामा समाजले हेक्का राख्न नसक्दा सिर्जना हुने सम्भाव्य अराजनीतिक बहकावको दुष्चक्र मुलुकका लागि झनै घातक हुन सक्छ।

**– सूर्यराज आचार्य**



होलिकाले आगोमा नडर्ने बरदान पाएकी थिइन्, मार्ने उद्देश्य लिएर प्रल्हादलाई लिएर आगोमा बसिनँ, होलीका जलिन तर प्रल्हादलाई केही भएन । यो एउटा मिथक हो, केही शक्तिराष्ट्रका लहलहैमा लागेर केही नहुने बरदान पाएका होलिकाहरू फेरि जल्नेछन्, प्रल्हादजस्ता सत्यवादिको पक्कै जित हुनेछ ।

**– प्रदीप भट्टराई**

# कस्तो हुनुपर्छ प्रतिपक्षको भूमिका ?



□ **श्याम मैनाली**

आधुनिक विश्वमा राजनीतिक दलहरुलाई लोकतान्त्रिक प्रणालीको अभिन्न र महत्वपूर्ण अंग मानिएको छ। राजनीतिक दललाई कानूनको शासन कायम गर्न, मानव अधिकारको प्रत्याभूति गर्न र सुशासनको सुदृढीकरण गर्नका लागि अत्यावश्यक आधारको रुपमा लिइन्छ।

लोकतन्त्रमा राजनीतिक दलहरुका बीच हुने प्रतिस्पर्धाको विकल्प हुँदैन। राजनीतिक दलहरुको स्वस्थ प्रतिस्पर्धाबाट सञ्चालित राजनीतिक प्रणालीमा प्रतिपक्षको भूमिकाको बारेमा भने दलहरुको अभ्यास लोकतन्त्रको सुदृढीकरणका लागि अत्यन्त महत्वपूर्ण हुन्छ। लोकतन्त्रको विकासका लागि विपक्षी दलले अत्यन्त सौहार्दताका साथ प्रतिपक्षी भूमिका खेल्न पाउनुपर्दछ।

प्रतिस्पर्धी बहुदलीय राजनीतिमा सत्तामा रहेको दलले नीति, योजना र कार्यक्रमहरु आफ्नो दलको चुनावी घोषणापत्रमा आधारित भई तर्जुमा र कार्यान्वयन गर्ने अवसर प्राप्त गर्दछन्। तर, विपक्षी दलहरु सरकारका नीति, कार्यक्रम, योजना आदिका बारेमा खुला आलोचना गर्न स्वतन्त्र हुन्छन्। जनादेश प्राप्त गरेर आएको सरकारलाई पूर्ण सम्मान गर्दै सौहार्द संसद्को विकास गर्ने जिम्मेवारी पनि विपक्षी दलहरुको नै हुन्छ। राजनीतिक दलबीचमा जतिसुकै सैद्धान्तिक मतभेद भए पनि बहुदलीय लोकतन्त्रमा स्वतन्त्रता, कानूनी समानता, मानव अधिकारको प्रत्याभूति जस्ता लोकतन्त्रका सर्वमान्य आधारहरुलाई सबैले आत्मसात गर्नु पर्दछ। निर्वाचनमा धेरै मत प्राप्त गर्ने सरकारमा जाने र थोरै मत प्राप्त गरी तुलनात्मक रुपमा कम स्थानहरुमा विजयी हुनेले प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्दछ। सरकारमा हुनेहरुले राम्रो काम नगर्दा त्यसको उजागर विपक्षी दलले गर्दछन् र जनतालाई सुसूचित गराउँछन्। राम्रो काम गर्न नसक्दा सरकारमा रहेको दल कमजोर बन्छ। विपक्षी दल स्वस्थ रुपमा अघि बढ्दा जनतामा राम्रो प्रभाव पर्दछ। त्यसैले विपक्षी दललाई प्रतिक्षामा रहेको सरकार पनि भनिन्छ।

सरकारमा रहेको दललाई उनीहरुले निर्वाचनको सन्दर्भमा गरेका प्रतिबद्धताको कार्यान्वयन गर्न दवाव दिने, प्रतिपक्षले कतिपय अवस्थामा आफ्नो सिद्धान्त, मूल्य, मान्यताहरुलाई कानून निर्माण गर्दा र बजेट पारित गर्ने क्रममा सरकारलाई समझदारी गर्नुपर्ने हदसम्मको दवाव सिर्जना गरी आफ्नो दलको पक्षमा वा प्रतिपक्षमा रहेका सबै दलहरुको पक्षमा निर्णय गराउन सक्तछ। यसप्रकारको बहसले राष्ट्रियस्तरमा राजनीतिक संवादको वातावरण तयार पार्दछ। जसबाट राजनीतिक संस्कारको विकास र प्रबर्द्धन हुन पुग्दछ। सरकार बाहिर रहेको समयको सदुपयोग गर्दै प्रतिपक्षले सीमान्तकृत, कमजोर, पछिपरेका मतदाताहरुसँग सम्पर्क गरी उनीहरुलाई अधिकार दिलाउन पहलकदमी गर्न सक्तछ। यदि सरकारमा रहेको दलले पूर्ण बहुमत प्राप्त गर्न सकेको छैन भने अन्य दलहरुसँग सहकार्य गरी विपक्षी दलहरुले सरकारमा रहेको दललाई सरकारबाट हटाउने भूमिका खेल्न सक्तछन्। प्रतिपक्ष दलले प्रत्येक विभागहरुको जिम्मेवारी दिएर छाँया सरकारको अभ्यास गर्दै सरकारका काम कारवाहीहरुको निगरानी गर्न सक्तछ। निर्वाचनलाई निष्पक्ष, सरल, सहज र पारदर्शी बनाउन सहयोग र सहकार्य गर्न सक्तछ। जनताबाट वैध रुपमा निर्वाचित भएर आएकाहरुले सरकारमा रही आफ्ना योजना, कार्यक्रम र नीतिहरुलाई सफलतापूर्वक कार्यान्वयन गर्न नसके पनि यसका सम्बन्धमा वैकल्पिक उपयुक्त व्यवस्था पहिचान गरी सरकारलाई त्यसको औचित्य र उपदेयता बोध गराई स्वीकार गर्न दवाव सिर्जना गर्ने भूमिका प्रतिस्पर्धी दलले निर्वाह गर्नुपर्दछ।

सरकारका काम कारवाहीहरुमा सुधार ल्याउन जनतालाई सबै विषयमा सुसूचित गराउने हिसाबले अन्तरक्रिया, छलफल, कोणसभा, आमसभा आदि गरी जनतामा जागरण ल्याउन योगदान पुऱ्याउँछ। विपक्षी दलले धेरै राम्रा राम्रा विकल्पहरुका साथ नीति, कार्यक्रमको कार्यान्वयन गर्न सरकारलाई सहयोग पुऱ्याउने भएकाले अवैतनिक सल्लाहकारको भूमिकामा रहेको हुन्छ। सरकारको काम कारवाहीलाई नजिकबाट मूल्याङ्कन गर्दै जिम्मेवार बनाउन दबाव दिन्छ। विभिन्न विधेयकहरु पारित गर्ने क्रममा गुणस्तरीय बहसका माध्यमबाट प्रतिपक्षमा अडानहरुलाई सरकारले स्वीकार गर्नुपर्ने अवस्था बन्दछ। प्रतिपक्षले सँधै सरकारको विरोध मात्रै गर्ने होइन, कतिपय राष्ट्रिय महत्वका नीतिहरुको सन्दर्भमा सहमति जनाउँदै सरकारसँग सहकार्य गर्दै जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्दछ।

विपक्षी दलको भूमिका मुख्य पात्र भनेकै विपक्षी दलका नेता हुन्। एकभन्दा बढी दलहरु राष्ट्रिय दलका रुपमा मान्यता पाई सरकारमा नगई सरकारलाई समर्थन पनि नगरेको अवस्थामा एकभन्दा बढी विपक्षी संसदीय दलहरु भई उक्त दलहरुका नेता पनि धेरै हुन सक्तछन्। यसै अवस्थामा विपक्षमा रहेको सबैभन्दा बढी स्थानमा विजयी भएको दलको नेता प्रमुख विपक्षी दलको नेता र अन्य विपक्षी दलका नेता हुन्छन्। द्विसदनात्मक संसद् रहेको अवस्थामा प्रायः दुबै सभाहरुमा छुट्टाछुट्टै संसदीय दलका नेताहरु निर्वाचित भई आफ्नो जिम्मेवारी निर्वाह गरिराखेका हुन्छन्। सबैभन्दा ठूलो विपक्षी दलको नेता भनेको सरकारमा नरहेको विपक्षी दलको नेता नै 'वेस्ट मिनिस्टेरियल सिस्टम'मा प्रतिपक्षी दलको नेता हो। प्रतिपक्ष दलको नेतालाई प्रधानमन्त्रीको विकल्प, छायाँ सरकारको प्रमुख र वेतनभोगी प्रतिपक्षको प्रमुखका रुपमा लिइन्छ।

सामान्यतया प्रतिपक्षी दलका नेताले केही भूमिकाहरू जस्तैः सरकारलाई जवाफदेही बनाउन प्रतिपक्षको नेतृत्व लिने, विभिन्न मुद्दाहरुमा पर्याप्त ध्यान दिने, सरकारको विकल्पको रुपमा कार्य गर्ने, सरकार र प्रतिपक्षका बीचको सहयोगी भूमिका, वैकल्पिक सरकार बनाउने मुद्दामा सहयोग गर्ने, राष्ट्रिय हितका विषयमा सरकारसँग मिलेर कार्य गर्ने जस्ता महत्वपूर्ण भूमिकाको निर्वाह गर्नुपर्दछ। २०७४ सालमा सम्पन्न निर्वाचनमा प्रथम हुने निर्वाचित हुनेबाट १६५ स्थान र समानुपातिक निर्वाचन प्रणालीबाट ११० गरी जम्मा २७५ स्थानमध्ये हालको नेपाल कम्युनिष्ट पार्टी १७४, नेपाल काँग्रेसले ६३ मा विजयी भई राष्ट्रिय मान्यता प्राप्त दलहरुका रुपमा रहेका छन्। सरकार गठन हुँदा मधेसवादी दलहरु (राजपा र समाजवादी) ले पनि सरकारलाई समर्थन गरेकोले नेपाली कांग्रेस दल एक मात्र प्रतिपक्षमा रहेको अवस्था थियो। तर हालको दिनमा मधेशवादी दलहरुले सरकारलाई दिएको समर्थन फिर्ता लिएकाले यस दलको हैसियत सत्तापक्षबाट प्रतिपक्षको हुन पुगेको छ। नेपालका प्रतिपक्षी दलहरु कमजोर देखिएका छन्। प्रमुख प्रतिपक्षी दलको हिसाबले नेपाली काँग्रेसको भूमिका अत्यन्त महत्वपूर्ण देखिएको छ।

संसदीय अभ्यासको पूर्णता विपक्षी दलको अर्थपूर्ण सहभागिता र योगदानमा निर्भर गर्दछ। संसदीय लोकतन्त्रमा प्रतिपक्ष विनाको संसद्को परिकल्पना नै गरिँदैन। संख्यात्मक हिसाबले प्रतिपक्ष कमजोर भए पनि सरकारले आफ्ना नीति, कार्यक्रम लगायतका संसदीय काम कारवाहीहरुको प्रतिपक्षहरुको सहयोग लिएर काम गर्न सक्दा मात्र त्यस्ता नीति, कार्यक्रम र कानूनी व्यवस्थाहरुको सफल कार्यान्वयन हुन सक्तछ। संसद्को लोकप्रियता, प्रभावकारिता प्रतिपक्षको भूमिकामा निर्भर गर्दछ। सदनलाई जीवन्तता प्रदान गर्ने काम प्रतिपक्षले गर्दछ। सरकारमा रहेको दल र विपक्षमा रहेका दलकाबीच विचार, दर्शन, सिद्धान्तमा पृथकता हुनु स्वभाविकै मानिन्छ। तर, यस्ता पृथक आदर्श र सिद्धान्तहरुलाई सम्मान गर्ने संस्कृति सत्ता पक्षसँग हुनै पर्दछ। त्यसैले राष्ट्रिय महत्व र दूरगामी असर पार्ने विषयमा सत्तापक्षले प्रतिपक्षलाई साथमा लिएर हिँड्न सक्नुपर्दछ। तर, नेपालको २०४६ सालदेखि हालसम्मको संसदीय अभ्यासहरुको अध्ययन गर्दा राजनीतिक दलहरु संसद्मा सत्ता पक्ष र प्रतिपक्षका रुपमा निरपेक्ष तवरले विभाजित हुने र राजनीतिलाई बचाई आफ्नो अस्तित्व रक्षाका लागि मात्र सबै राजनीतिक दलहरुकाबीच एकता प्रदर्शन हुने गरेको छ। यो प्रवृत्तिबाट मुक्ति प्राप्त गरी राजनीतिक संस्कारको विकास गर्दै सत्तापक्षले प्रतिपक्षलाई इज्जत र सम्मानका साथ व्यवहार गर्दै राष्ट्रिय स्वार्थका विषयमा सहयोग लिने र प्रतिपक्षले स्वस्थ आलोचनाका साथ आफ्नो भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ।

तर नेपालको संघीय संसद्मा रहेका प्रतिपक्ष दलहरू सरकारको आलोचनामा मात्र ब्यस्त छन्, सरकार संसदीय दलप्रति सहिष्णु देखिएको छैन। सरकारमा रहनु भनेको प्रतिपक्षलाई समाप्त गर्ने अवसर हो भन्ने मानसिकतामा सरकार देखिएको र प्रतिपक्ष अस्वस्थ प्रकारले जे जस्तो बिषयमा पनि बिरोधमा मात्र उपस्थिति दिनुपर्छ भन्ने मानसिकतामा रहेकाले सरकार र प्रतिपक्ष दुवै राष्ट्रिय हितका विषयमा मतैक्य प्रकट गर्न असफल रहेको आलोचना हुने गरेको छ। नेपालको राजनीति लामो समयदेखि आफ्नो व्यक्तिगत, समूहगत र दलगत स्वार्थलाई प्राथमिकतामा राखी अघि बढेको प्रतीत भइराखेको छ। यस अर्थमा नेपालको राजनीति मा लोकतन्त्रको मूल्य र मान्यताको अवलम्वन खासै हुन नसकेको स्थिति छ। गोप

# बैदेशिक रोजगार र १० हजार सेवा शुल्क

□ **कुमार दाहाल**

निजी क्षेत्र र सरकारबीचको हातेमालो विना विभाग सफल हुन सक्दैन। आर्थिक गतिविधि जहाँ हुन्छ, त्यहाँ विकृति अवश्य हुन्छ। तर, सबै कम्पनी गलत छ भन्ने हुदैन केहि राम्रा पनि छन्। अहिले विभागमा १ सय ५० भन्दा बढी कम्पनीको उजुरी छ। ती मध्ये पनि सबै कम्पनी गलत छन् भन्ने हुँदैन।

ठगी र चेक बाउन्सको विषयलाई फौजदारी अभियोगको कडा कानून बनेको छ। त्यसमध्ये वैदेशिक रोजगारको ठगी पनि फौजदारी अभियोग भित्रै पर्ने भएकोले यसमा कडा कारबाही हुन्छ।

अहिले रोजगारीका लागि पठाउनेहरुले कागजमा एउटा र व्यवहारमा अर्को काम गर्ने गरिरहका छन। जसले गर्दा विभागमा उजुरी दिने बढेका हुन्। कानूनले कागज हेर्ने हो, कागजमा कम्पनी गलत नदेखिएपछि कार्वाही गर्ने कुनै बाटो हुँदैन र पीडित निराश भएर फर्किन बाध्य हुन्छन्। त्यति मात्र हैन, निजी क्षेत्र पनि यसबाट पीडित छन्। यसको प्रभाव उनिहरुलाई अवश्य पनि परेको छ र यसमा विभागले केहि गर्न नसकेकै हो।

जसले जिम्मा लिएर कामदारलाई विदेशमा पठाउछन् उसले नियम कानून पालना गरेन भने पक्कै पनि दण्डको दायराभित्र पर्छ नै। उनीहरु उम्कने सम्भावना छैन, त्यसैले कम्पनीहरु पनि मापदण्डभित्र बस्नु पऱ्यो। विभागले त आफ्नो काम गरिरहेकै छ।

विभागको काम कारबाहीमा केही कानूनी झञ्झटहरु, कार्यविधिमा केही बाधाहरु होलान्, त्यसलाई विस्तारै आपसी छलफलमा फुकाउँदै जान सकिन्छ। तर, आफ्नो जिम्मेवारी र उत्तरदायित्व पूरा गर्दै जानुपर्छ।

मेनपावर कम्पनीहरुले २ करोड रुपैयाँ धरौटी राखेका छन्, सबै काम अनलाइनमार्फत भएको छ। फाराम भर्ने, श्रम स्वीकृति लिने, पुनःश्रम स्वीकृति लिने र कामदार प्रमाणीकरण गर्ने समेतको काम अनलाईनमार्फत हुने भएकोले कोहिले ठगिने तथा दुःख पाउने सम्भावना कम छ।

अहिले मेनपावर कम्पनीहरुले सेवा शुल्क बापत १० हजार रुपैयाँ लिँदै आएका छन्। यो कागजी रुपमा मात्र कार्यान्वयन भएको धेरैलाई थाहा छ। पूर्ण लागू गराउन निकै चुनौतिपूर्ण विषय बनेको छ।

सायदै त्यतिखेर नीति बनाउँदा पनि गहन छलफल गरेको हुनुपर्छ। तर, अहिले १० हजारको रसिद दिने र ३ लाख रुपैयाँसम्म तिरेको उजुरीहरु यहाँ पर्ने गरेको छ। त्यसकारणले यसलाई अझै पारदर्शी बनाउन आवश्यक छ। जस्तै कतार, मलेशियाबाट मागपत्र ल्याउन खासै पैसा लाग्दैन।

यसमा कामदार भित्र्याउने देशले नै सबै खर्च गर्छ भन्ने सुनेको छु। यस विषयमा अध्ययन गर्न आवश्यक छ। यसो भन्दैमा तत्कालै १० हजार सेवा शुल्कले पुग्दैन यसलाई बढाउन आवश्यक छ भन्न मिल्दैन। व्यवहारिक रुपमा कार्यान्वयन पनि भएको छैन। यस विषयमा पहिला नै केही सोच्नु पर्थ्यो। अहिले १० हजार सेवा शुल्क दिएर विदेशमा काम गर्न जानेको संख्या थोरै मात्र होला।

अव विभागले बकितम ठीक हो कि लिखितम् ठीक हो भन्नेतर्फ जानुको विकल्प छैन। त्यसैलाई यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा काम शुरु गर्नुपर्छ। यो सिधै सरकार र जनतासँग जोडिएको विषय भएकोले केही गम्भीर हुन आवश्यक छ। जनताले अहिले १ लाखभन्दा बढी तिरेपनि स्वीकार गर्न समस्या छ। झट्ट हेर्दा लिने मान्छेको ठूलो गल्ती देखिए पनि सूक्ष्म अध्ययन गर्दा अन्य धेरै समस्याहरु हुन सक्छन्।

विभागले कसैलाई पुरै बहिष्कार गर्न मिल्दैन। समस्या कहाँ छ ? सरकारसंग सम्बन्धित नियोगहरुसँग छ की ? वा कम्पनीहरुसँग छ हेर्न आवश्यक छ। हरेक कम्पनीसँग हाम्रो समन्वय हुन सकेको छ की छैन, प्रमाणीकरणमा कति प्रभावकारी छौं, कामदार लिने देश र पठाउने देश कति पारिवारीक वाताबरणमा छौ, जस्ता बिषयमा अध्ययन हुन आवश्यक छ।

अहिले नीतिमा फ्रि भिषा, फ्रि टिकट नै छ। तर कार्यान्वयन पूर्ण छैन। नीति अनुसार १० हजारमा १ रुपैयाँ मात्र बढी लियो भने पनि भ्रष्टाचार हो। त्यो सोझै ठगी मुद्दामा जान्छ। त्यसैले अव फ्रि भिषा फ्रि टिकट लागू गर्दा बनेको समझदारीलाई अध्ययन गर्नेतर्फ विभागको ध्यान जान्छ।

यसमा सरकारको पनि केही कमी कमजोरी अवश्य छ। त्यसका लागि समझदारीमा भनिएकै जस्तो निरन्तर कामदार लैजाने देशको भ्रमण गर्ने, ती देशमा भएका रोजगारदाता कम्पनी र नेपाली मेनपावरबीच कुनै सम्बन्ध नै नरहने व्यवस्था गर्न आवश्यक छ। कुनै देशको रोजगारको डिमाण्ड त्यहाँको परराष्ट्र मन्त्रालयमार्फत नेपालले ल्याएर वैदेशिक रोजगार विभागमार्फत सूचना प्रकाशन गर्न सकिएमा मेनपावर कम्पनीहरुको खर्च हुदैन। यति भएपछि कुनै मेनपावर कम्पनीले विदेशमा गएर कसैलाई गुलामी गर्नुपनी पर्दैन र अनावश्यक खर्च पनि हुँदैन।

सरकारले नै कोटा ल्याउने र उनीहरुले सम्बन्धित देशमा पठाउने काम गरेपछि तोकेको सेवा शुल्क लिन बाध्य बनाउन सकिन्छ। त्यसपछि १ रुपैयाँ तलमाथि गरेको पाइएमा पनि सजिलै समाउन सकिन्छ।

अहिले मेनपावर कम्पनीहरुको गुनासो एउटै छ- 'विदेशमा कम्पनीको खोजिमा जाने देखी सूचना प्रकाशन गर्ने लगायतका विषयमा खर्च धेरै हुन्छ। सरकार मार्फत नै कोटो ल्याउन सके फ्रि भिषा ,फ्रि टिकटलाई पूर्ण रुपमा कार्यन्वयन हुन्छ।'



भोजपुरको पौवादुङ्मा गाउँपालिकामा निर्माण भइरहेको मिरा राई बहुउद्देश्यीय रंगशाला । तस्वीरः रासस

# ५ बर्षदेखि स्वास्थ्य कार्यालयको भवन अलपत्र

**झापा, फागुन २६।** सम्झौता भएको पाँच वर्ष बिते पनि जिल्ला स्वास्थ्य कार्यालयको निर्माणाधीन भवन अलपत्र परेको छ । ठेकेदार कम्पनीको लापरवाही र निमनकारी निकायको मौनताका कारण उक्त भवन अलपत्र बनेको सर्वसाधारणको आरोप छ ।

वि.सं. २०७१ माघ २० गते दुई वर्षमा निर्माण सक्ने गरी सम्झौता भएको भवन निर्माणको काम अझै २० प्रतिशत बाँकी रहेको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख कर्मचन्द्र राजवंशीको भनाइ छ । उनका अनुसार लामो समयदेखि अलपत्र अवस्थामा छाडिँदा निर्माणाधीन भवनमा प्रयोग गरिएका काठ कुहिएर काम नलाग्ने अवस्थामा पुगिसकेका छन् ।

निर्माणको ठेक्का लिएको निलगिरी निर्माण कम्पनीका प्रमुख युवराज डाँगीले २०७५ सालको असार मसान्तसम्म भवन निर्माणको काम सक्ने बताउँदै आएको भए पनि त्यो बचन पूरा भएको छैन । उक्त कम्पनीले रु. दुई करोड ३८ लाख तीन हजार ५३ रुपैयाँ ३२ पैसाको लागतमा निर्माणको जिम्मा लिएको थियो । निर्माण सम्पन्न गर्नुको सट्टा भवन अलपत्र अवस्थामामा छाडेर निर्माण व्यवसायी नै बेपत्ता बन्दा कार्यालय सञ्चालनमा समेत समस्या झेल्नुपरेको निमित्त प्रमुख राजवंशीको भनाइ छ ।

निर्माण कम्पनीले समयमा भवन निर्माण गर्न नसकेको खण्डमा कार्यालयले तिर्नुपर्ने भाडासमेत ठेकेदार कम्पनीले व्यहोर्नुपर्ने सम्झौतामा उल्लेख गरिएको छ । सम्झौता कार्यान्वयन गर्नु त अलग छ, ठेकेदार युवराज डाँगीलाई हामीले फोन गर्दासमेत उठाउँनुहुन्न- निमित्त प्रमुख राजबंशीले भने- अहिले हामीले वार्षिक रु. चार लाख भाडा तिरिरहेका छौं, यो राज्यलाई ठूलै घाटा हो ।

निजी घरमा रहेको हालको कार्यालयमै घरधनीसमेत बस्दा अनेकौं समस्या आउने गरेको उनको भनाइ छ । घरबेटी हामीसँगै बस्नुहुन्छ, बिदाको दिन पनि गेट खुला हुन्छ- उनले भने- सुरक्षाको दृष्टिकोणले जोखिम छ । यस विषयमा प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयमा पत्र पठाएको भए पनि त्यसको कुनै पनि जवाफ नआएको उनको भनाइ छ । नीलगिरी कम्पनीबाट पेटी ठेकेदार स्थानीय बुद्धि मगरले रु. एक करोड ७० लाखमा निर्माणको जिम्मा लिएका छन् । पेटी ठेकेदार मगरले समेत काम गरे अनुसार कम्पनीमार्फत भुक्तानी नपाएको गुनासो गरे । नीलगिरी कम्पनीका प्रमुख डाँगीसँग फोन सम्पर्क गर्दा फोन उठेन ।

# भोजपुर-विराटनगर उडान बन्द

**भोजपुर, फागुन २६।** विगत छ महिनादेखि भोजपुर-विराटनगर नियमित उडान बन्द हुँदा स्थानीयलाई समस्या भएको छ ।

उडान सेवा बन्द हुँदा विशेष गरेर जिल्ला अस्पतालबाट अन्यत्र सिफारिस गरिएका बिरामीलाई प्रत्यक्ष मार परेको छ । बाहिरका अस्पतालमा सिफारिस गरिएका विपन्न वर्गका बिरामी नौ घण्टा लगाएर एम्बुलेन्समा कष्टर यात्रा गर्न बाध्य छन् ।

एम्बुलेन्सबाट लामो समय लगाएर यात्रा गर्नुपर्दा कतिपयको बाटोमै मृत्यु समेत हुने गरेको छ । विभिन्न समस्या देखाउँदै नेपाल वायुसेवा निगमले उडान बन्द गरेपछि सर्वसाधारणलाई सास्ती भएको हो । उडान नहुँदा लेगुवा पाखीबास सडकखण्डको कच्ची बाटोले यात्रुलाई झनै सास्ती हुने गरेको छ । सरोकारवाला पक्षले बेवास्ता गर्नाले पनि नियमित उडान गराउन नसक्दा सर्वसाधारण लामो यात्रा गर्नुपरेको यात्रु सुनाउँछन् ।

स्थानीय मोहन आलेले भने- बिना कारण लामो समयदेखि भोजपुर-विराटनगर उडान सेवा बन्द हुँदा हामीलाई सास्ती थपिएको छ, आपत्कालीन रुपमा बिरामी भएर विराटनगर जानुपरेमा अति समस्या छ, बस तथा एम्बुलेन्सको माध्यमबाट जाँदा कतिपयको बाटोमा नै ज्यान गएको अवस्था पनि छ, यसलाई जसरी पनि सञ्चालन गर्न आवश्यक छ ।

आकस्मिक बिरामीलाई साना तथा ठूला सवारीसाधनबाट यात्रा गर्दा ढिलो हुने, बाटोमा समस्या हुनाले बिरामीलाई थप समस्या हुने गरेको छ । यसअघि हप्ताको आइतबार, मंगलबार र बिहीबार गरी चार पटक उडान भर्दै आएको नेपाल वायुसेवा निगमले यात्रु संख्या घटेकाले केही समयका लागि उडान रद्द गरिएको नेपाल वायुसेवा निगम भोजपुरले जनाएको छ ।

सर्वसाधारणको माग बढ्दै गएकाले उडान सञ्चालनका लागि स्थानीय सरकार र जिल्लास्थित सरोकारवालासँग समन्वय गरी माथिल्लो निकायमा निवेदन गरिएको निगमका प्रमुख दिनेश सुन्दासले बताए । उनले भने- स्थानीयले नियमित उडानको काम गरिरहेकाले माथिल्लो निकायसँग सञ्चालनको पहल भइरहेको छ । जिल्लाको एकमात्र विमानस्थलबाट भोजपुरदेखि विराटनगर हवाई उडानलाई निरन्तता दिन स्थानीय, प्रदेश सरकारसँगै सरोकारवाला निकायले ध्यान दिनुपर्ने स्थानीयको भनाइ छ ।

# रोनाल्डिन्होले नक्कली राहदानी नबोकेको दावी

**आसुनसिओन, फागुन २६।** ब्राजिलका विश्वप्रसिद्ध फुटबल खेलाडी रोनाल्डिन्होले जानाजान नक्कली राहदानी (पासपोर्ट) नबोकेको उनका ब्राजिली वकील सर्जिओ क्वीरोजले दाबी गरेका छन् ।

क्वीरोजले रोनाल्डिन्होलाई तत्काल रिहा गर्न पाराग्वेका सरकारी अधिकारीहरु समक्ष आग्रह पनि गरेका छन् ।

पाराग्वेमा पक्राउ परेका रोनाल्डिन्हो र उनका भाई रोबर्टोले नक्कली कागजात पेश गरेको पाराग्वेका अधिकारीहरुले बताएका छन् ।

उनीहरु दुबै जना यही मामिलामा विगत तीन दिनदेखि पाराग्वेको राजधानी आसुनसिओनको जेलमा थुनिएका छन् ।

वकिल क्वीरोजले भने- 'रोनाल्डिन्होले कुनै अपराध गर्नुभएको छैन किनभने उहाँलाई दिइएको पासपोर्ट नक्कली हो भन्ने उहाँलाई पनि थाहा थिएन । पाराग्वेका अधिकारीहरुले जेलमा



रोनाल्डिन्होको व्यवहार निकै राम्रो भएको र न्यायाधीशले पनि उहाँप्रति सहानुभूति देखाउने सम्भावना रहेको बताएका छन् ।'

रोनाल्डिन्हो र उनका भाइ रोबर्टो ब्राजिलबाट गत बुधबार पाराग्वे आइपुगेका थिए । विमानस्थलमा सामान्य जाँच गरेर होटल पुगेका रोनाल्डिन्हो र उनका भाइको कोठामा केही घण्टापछि प्रहरीले छापा मारेका थिए ।

# दुर्घटनामा दुई जनाको मृत्यु

**बिराटनगर, फागुन २६।** सुनसरी र मोरङका दुई स्थानमा भएको सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ ।

पश्चिमबाट पुर्वतर्फ जाँदै गरेको ना७ख ७१८१ नम्बरको तेलको ट्याङकरले सुनसरीको इनरुवा नगरपालिका-६ घोपाली टोलमा पैदलयात्रीलाई ठक्कर दिँदा घाइते भएकी स्थानीय ४८ बर्षीया मोनीमाया गिरीको उपचारको क्रममा जिल्ला अस्पताल इनरुवामा मृत्यु भएको हो । ठक्कर दिने ट्याङकर र चालकलाई जिल्ला प्रहरी कार्यालय सुनसरीले नियन्त्रणमा लिएको छ ।

यसैगरी मोरङको बेलवारी नगरपालिका-९मा मोटरसाईकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ ।

बेलवारी-९ नलवारी सडक खण्डमा उत्तरबाट दक्षिण तर्फ जाँदै गरेको मे८प ५२२८ नम्बरको मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा घाइते भएका मोटरसाईकल चालक बेलवारी नगरपालिका-१० का २८ बर्षीय तेजबहादुर धिमालको वीपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरानमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ । घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ब्राउन सुगरसहित तीन जना पक्राउ

**बिराटनगर, फागुन २६।** मोरङ र झापाका दुई स्थानबाट १६ ग्राम २५ मिलिग्राम नियन्त्रीत लागूऔषध ब्राउनसुगरसहित ३ जना पक्राउ परेका छन् ।

लागूऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरीको टोलीले मोरङको बेलवारी नगरपालिका-८का २९ बर्षीय कमानसिंह राईलाई १५ ग्राम खैरोहेरोइन ब्राउनसुगरसहित पक्राउ गरेको हो ।

भारतीय बजार जोगवनीबाट नेपालतर्फ आउँदै गरेका राईलाई चेकजाँच गर्ने क्रममा निजको साथबाट १५ ग्राम ब्राउनसुगर बरामद भएको प्रहरीले जनाएको छ ।

यसैगरी इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीको टोलीले बिर्तामोड-७का ३४ बर्षीय सुरेश खतिवडा र मेचीनगर-१३का २२ बर्षीय बिष्णु गिरीलाई १ ग्राम २५ मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको हो । नियन्त्रित लागूऔषधसहित पक्राउ परेका तीनै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ६ ज्येष्ठ महिला सम्मानित

**गौरीगञ्ज, फागुन २६।** झापको गौरीगञ्ज-६स्थित खजुरगाछीमा ११०औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर ६ जना ज्येष्ठ महिलाहरूलाई सम्मान गरिएको छ ।

गौरीगञ्जको महिला समितिको आयोजनामा भएको कार्यक्रममा सकुन्ती महतो, गंगा सुन्दास, जानुका विष्ट, गालोदेवी राजवंशी, गालो खातुन र जलेश्वरी यादवलाई सम्मान गरिएको हो ।

गौरीगञ्ज-६की वडा सदस्य तथा कार्यपालिका सदस्य राधा अधिकारीको अध्यक्षता तथा गौरीगञ्ज



गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । लक्ष्मी लुइँटेलले औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको सञ्चालन मञ्जु ढकालले गरेकी थिइन् ।

# रूखले किचेर एक जनाको मृत्यु


**इलाम, फागुन २६।** इलामको माङसेबुङ गाउँपालिका-६ नागी बस्ने २६ बर्षीय भुपाल राईको रूखले किचेर मृत्यु भएको छ ।

घर नजिकै रहेको कटुसको रूख ढाल्ने क्रममा रूख ढलेर आफैलाई किच्दा घाईते भएका राईलाई उपचारको लागी अस्पताल लैजाने क्रममा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । घटना बारे थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।


## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ Baaghi-3
दोस्रो शो २:४५ Baaghi-3
तेस्रो शो ६:४५ Baaghi-3

(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ Baaghi-3
दोस्रो शो २:४५ Baaghi-3
तेस्रो शो ६:४० सुभव मंगल ज्यादा साधावन हिन्दी




बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)

## अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित
झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

## उज्यालो यातायात प्रा.लि.





बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बागलुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउं जानको लागि सम्झनुहोस् ।

## हाड जोर्नी नशका बिरामीलाई सुवर्ण अवसर
काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा

स्पार्क पूर्वाञ्चल अस्पतालको छैठौं बार्षिकोत्सवको अवसरमा स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका **बरिष्ठ डाक्टर अनिल कुमार महतो** यही चैत्र १ गते शनिबार स्पार्क पुर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।


जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको - शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)
समय : बिहान ८:०० देखि ३:००

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झमझमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## वर्गीकृत विज्ञापन

### कर्मचारी आवश्यकता
Math/English Teacher: ४ जना
Math/Seince Teacher: ४ जना
सहकारीको लागि महिला/पुरुष १० जना
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउसकिपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनर: ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

### टाटा सुमो गाडी भाडामा चाहिएमा
बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९
९८४१३२१४६४

### घर बिक्रीमा
अर्जुनधारा-११ बुट्टाबारी राजमार्ग उत्तर प्लटिङ्गमा रहेको १० १/२ धुर मा बनेको १ तले २ सटरसहित ६ कोटा भएको घर तु-बिक्रीमा छ ।
सम्पर्कः ९८१००९१६८०
९८१६९५३९११


### सेक्यूरिटी गार्ड आवश्यकता
झापाको झिलझिले, दमक, बिर्तामोड, काँकरभिट्टा एरियाका लागि २० जना महिला तथा पुरुष सेक्युरिटी गार्ड चाहियो । भूपू प्रहरी तथा सेनालाई ग्राह्यता ।
तलब : आपसी समझदारीमा
भरपर्दो सुरक्षा गार्ड सेवाका लागि सेक्टर वान सेक्युरिटी सर्भिस, बिर्तामोड झापालाई सम्झनुहोस् ।
सम्पर्कः ९८२४९८२२९६, ९८२३७३८६७१
(Email: kvvservices@gmail.com)

### आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### सेक्युरिटी गार्डको आवश्यकता
पुरुष/महिला संख्याः २५
सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम
इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.
प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा
फोनः ०२३-५४५७८२, ९८०६०६१७००, ९८४४६८६९७०, ९८०६०७५६७८

### On Line Food Delivery
बिर्तामोड मुक्तिचोकबाट ५ कि.मि. एरियाभित्र घर बसी-बसी खानाको आनन्द लिन मन भएमा हामीलाई सम्झनुहोस् । अनलाई वा फोनबाट अर्डर टिपाउन सकिनेछ ।
सम्पर्कः ९८०७९३९०९७/९८४८५३३१३८
फेसबुक पेज : Food station kankai road Birthamode

### सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।





सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

### पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मिहिनेत गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । लाभांश बढ्नाले ऋणमोचन हुने सम्भावना छ ।

**बृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) -** मध्याह्नपछि ईर्ष्या गर्नेहरूले फसाउन सक्छन् । आफन्तहरू टाढिनेछन् । परिस्थितिवश फजुल खर्च बढ्न सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समयमा आलस्य गर्दा पछि धोका पाइनेछ । अर्थ संग्रहमा बाधा पुग्नेछ । लगनशील बन्दा नियमित काम सम्पादन हुनेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** चुनौतिपूर्ण काममा खटिनुपर्ने समय रहेकाले अलि सावधान रहनुपर्ला । जिम्मेवारी पनि बढिरहनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । मध्यान्हदेखि आयस्रोत बढ्नेछन् । अरूको मुख ताक्नाले काममा पछि परिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ । लाभांश अरूका लागि खर्चनुपर्ने स्थिति आउन सक्छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** चुनौतिहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ । रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले जिम्मेवारी पनि दिलाउनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** कीर्तिमानी काम गर्ने समय छ । सहयोगीहरूले पनि हिम्मत दिलाउनेछन् । व्यापारमा राम्रो फाइदा हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अरूका लागि समय खर्चनुपर्ला। नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला। परिस्थितिले चुनौतीहरू निम्त्याउला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गोपनीयतामा विशेष ध्यान पुऱ्याउनुहोला, दिउँसोदेखि सहयोगीहरूले साथ दिनेछन् भने भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। दाम र प्रतिष्ठा कमाउने बेला छ । नयाँ जिम्मेवारी प्राप्त हुने सम्भावना छ ।

# ब्लड क्यान्सरपीडित पूर्वविद्यार्थी खड्कालाई सहयोग

**बिर्तामोड, फागुन २६।** झापाको बिर्तामोड-५ स्थित न्यूटन्स एजुकेशन एकेडेमीमा अध्ययनरत् बिद्यार्थीले ब्लड क्यान्सरवाट पीडित पूर्वविद्यार्थी युनिका खड्कालाई आर्थिक सहयोग गरेका छन् ।

विद्यालयमा रहेको सगरमाथा टिन्स क्लवमा आबद्ध कक्षा ३देखि कक्षा ९ सम्म अध्ययनरत् बिद्यार्थीले कनकाई -८ लक्ष्मीपुरकी ब्लड क्यान्सरवाट पीडित खड्कालाई आर्थिक सहयोग गरेको सगरमाथा टिन्स क्लवकी शिक्षक नायक मिनु शर्मा शिवाकोटीले जानकारी दिइन् ।

न्यूटन्स एजुकेशन एकेडेमीमा कक्षा २ मा अध्ययनगरी हाल लिटल फ्लावर्स इङ्लिस स्कूलमा कक्षा ५मा अध्ययनरत् खड्का ब्लड क्यान्सरवाट पीडित भएर काठमाडौंको नेशनल क्यान्सर हस्पिटलमा उपचार गराउँदै आइरहेको उनकी हजुरआमा सीता बुढाथोकीले वताइन् ।



सगरमाथा टिन्स क्लवमा आबद्ध बिद्यार्थी, शिक्षक, कर्मचारीले संकलन गरेको ३० हजार रुपैयाँ ब्लड

म अघि बढ्छु भन्ने नाराका साथ क्यान्सरबाट पीडित खड्कालाई वितरण गरेको शिक्षक नायक शिवाकोटीले जानकारी दिइन् ।

विद्यालयमा आयोजित कार्यक्रममा सगरमाथा टिन्स क्लवकी अध्यक्ष करिना बस्नेत, विद्यालयका निमित्त प्रधानाध्यापक देवेन्द्र हुमागाँईले खड्काकी हजुरआमा सीता बुढाथोकीलाई उक्त रकम हस्तान्तरण गरेको बिद्यालयकी शिक्षक बबिना भट्टराईले जानकारी दिइन् ।

विद्यालयमा रहेको सगरमाथा टिन्स क्लवमा आबद्ध बिद्यार्थीले विगतका वर्षदेखि नै सामाजिक कार्य गरिरहेको र आफ्नो साथी तथा बिद्यार्थीलाई सहयोग गर्न बिद्यार्थीहरु उत्साहित भएको विद्यालयका निमित्त प्रधानाध्यापक हुमागाँईले जानकारी दिए । खड्काकी हजुरआमा बुढाथोकीले नातिनी बचाउन आर्थिक सहयोग गरेकोमा विद्यार्थी, कर्मचारी र विद्यालय परिवारलाई धन्यवाद दिएकी थिइन् ।

# सुदेन-प्रकाश र सञ्जय-कुमारलाई ब्याडमिन्टनको उपाधि

**बिर्तामोड, फागुन २६।** लायन्स क्लव अफ अनारमनीको आयोजना झापाको बिर्तामोडमा जारी जिल्लास्तरीय प्रथम लायन्स ब्याडमिन्टन प्रतियोगिताको उपाधि खुल्ला डवलतर्फ सुदेन राई र प्रकाश राईले हात पारेका छन् ।

प्रतियोगिताको सोमवार भएको फाइनल खेलमा प्रणिष ठकुरी र महेन्द्र श्रेष्ठलाई पराजित गर्दै राईद्वयले प्रतियोगिताको उपाधि हात पारेका हुन् । उपाधिसंगै उनीहरुले नगद २० हजार ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् ।

त्यस्तै प्रणिष ठकुरी र महेन्द्र श्रेष्ठले प्रतियोगितामा द्वितीय स्थान हासिल गर्दै नगद १५ हजार रुपैयाँ सहित ट्रफी र प्रमाणपत्र हात पारेका छन् भने चाणक्य पाठक, नवीन सिलवाल तथा विशन राई र ध्रुव दाहाल तृतीय हुँदै नगद १० हजारसहित ट्रफी र प्रमाणपत्र हात पारेका छन् ।

यता भेट्रान डवलतर्फ सञ्जय भक्तराज तथा कुमार गिरीले प्रतियोगिताको उपाधि हात पारेका छन् । यो संगै उनीहरुले नगद १५ हजार रुपैयाँ तथा ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् ।

त्यस्तै देउकुमार राई र गंगा फेदावेले द्वितीय स्थानमा चित्त बुझाए । उनीहरुले नगद १० हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् ।

भेट्रान खुल्ला डवलतर्फ इन्द्रजीत मुखिया र राजकुमार राई तथा कुलदीप चौधरी र रुद्रवहादुर सारुले तृतीय स्थान हासिल गर्दै नगद ५/५ हजार रुपैयाँसहित ट्रफी



र प्रमाणपत्र प्राप्त गरेका छन् ।

प्रतियोगिता फागुन २४ गतेदेखि बिर्ता व्याडमिटन क्लबको कवर्ड हलमा शुरु भएको थियो । प्रतियोगितामा २४ टिमले सहभागिता जनाएको आयोजक समितिका अध्यक्ष शैलेन्द्रकुमार कुरुङ्वाङले जानकारी दिए ।

प्रतियोगितामा अन्तर्राष्ट्रिय रेफ्री पुष्प घिमिरे र भानु सिटौलाले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

प्रतियोगिता समापन समारोहमा लायन्स क्लव अफ इन्टरनेशनल ३२५ एवानका डिस्ट्रिक गर्भनर इन्द्र राजन खत्रीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमकाबीच बिजेतालाई पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रममा नेपाल व्याडमिन्टन क्लवका केन्द्रीय सदस्य बिनोद वस्नेत, सामजसेवी राजकुमार पोखरेल, लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

प्रतियोगिता सम्पन्न गर्न सहयोग पुऱ्याउने दातालाई सम्मान समेत गरिएको कार्यक्रमको सञ्चालन रविन्द्र भट्टराईले गरेका थिए ।


**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल**

**कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं**

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- कसैसँग अंकमाल नगरौं, ज्वरो-खोकी लागेको मान्छेसँग नसुतौं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।
- साबुन पानीले पटक-पटक हात धुऔं
- अनावश्यक भीडभाडमा नजाऔं

**बिर्तामोड नगरपालिका**

**सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
बिर्तामोड, झापा
सम्पर्क **राजकुमार श्रेष्ठ**
९८४२६३४६२७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८५२६४६००५

**'गुणस्तरीय सामान गणपतिको पहिचान'**

ब्राण्डेड कम्पनीको **स्टील रेलिङ, आल्मुनियमका झ्याल, ढोका, बाथरुमका ग्यारेन्टी ढोका, रेडिमेड भित्री ढोका,** AEP Design, **ग्लेजिङ्ग (कम्प्लेकसमा सिसा), अफिस पार्टिसन, फल्स सिलिङ्ग, मोड्युलर किचन** र सिटिङ्गहल डेकोरेसन साथै **ट्रस**को काम पनि गरिन्छ ।

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
प्रो. गोपाल सिटौला
९८५२६७१४२२, ९८१६००६३७३

**सम्पर्क**
सुरुङ्गा, भगवानचोक
बिर्तामोड र गरामनी झापा
९८२४९७३५३६ - पदम
९८१४०५२६०१ - राम



# हार्दिक बधाई तथा शुभकामना













**शैक्षिक सत्र २०७५को कक्षागत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीको नामावलीहरु:**

**नर्सरी**
ईशान्त बराइली (९४.४०%) - प्रथम
पनिशा राजवंशी (९१.८२%)- द्वितीय
साइका जवी (८७.२९%)- तृतीय

**एलकेजी**
शर्मिला विक (९९.१५%)- प्रथम
स्मृति खरेल (९८.९०%)- द्वितीय
अनमोल श्रेष्ठ (९७.४५%)- तृतीय

**युकेजी**
शौरभ गजुरेल (९९.१३%)- प्रथम
मोहित वाग्ले (९८.८७%)- द्वितीय
प्रशंसा सिलवाल (९८.७३%)- तृतीय

**कक्षा १**
सुशान्त भट्टराई (९५.९४%)- प्रथम
आमन उप्रेती (९४.९१%)- द्वितीय
श्रुति श्रेष्ठ (९३.८३%)- तृतीय

**कक्षा २**
लक्ष्मी राउत (९८.३४%)- प्रथम
यनुसा लिम्बू (९८.११%)- द्वितीय
सजिना घिमिरे (९६.२६%)- तृतीये

**कक्षा ३**
आयुष नेपाल (९५.९५%)- प्रथम
शोभन सुवेदी (९२.६४%)- द्वितीय
सुम्निमा तुम्वापो (८९.५५%)- तृतीय

**कक्षा ४**
अंकिता गुरागाई (९०.४०%)- प्रथम
पूजा श्रेष्ठ (८७.०४%)- द्वितीय
आशिाका लामा (७९.३६%)- तृतीय

**कक्षा ५**
अतिथि खतिवडा (८५.६०%)- प्रथम
उज्ज्वला सावा (७७.५२%)- द्वितीय
किरण निरौला (७६.२९%)- तृतीय

**कक्षा ६**
जुनिता श्रेष्ठ (९०.४२%)- प्रथम
बबि मुर्मू (८८.६१%)- द्वितीय
म्युनिसा लिम्बू (८५.५८%)- तृतीय

**कक्षा ७**
विशाल खड्का (९०.६४%)- प्रथम
अनिता श्रेष्ठ (८८.७८%)- द्वितीय
पूजा गुरुङ (८०.२१%)- तृतीय

**कक्षा ८**
प्रवेशिका सेन्दाङ्ग (४ जीपीए)- प्रथम
रोशिता तामाङ्ग (३.८७ जीपीए) - द्वितीय
एशान डाँगी (३.६९ जीपीए) - तृतीय

**कक्षा ९**
कविता प्रधान (३.८ जीपीए)- प्रथम
जिना तुम्बापो (३.५ जीपीए) - द्वितीय
अमन खतिवडा (३.३५ जीपीए) - तृतीय

**विद्यालय उत्कृष्ट**
प्रवेशिका सेन्दाङ्ग (४ जीपीए)- प्रथम
रोशिता तामाङ्ग (३.८७ जीपीए)- द्वितीय
कविता प्रधान (३.८ जीपीए)- तृतीय

**नियमित उपस्थित हुने विद्यार्थी**
शोभन सुवेदी

**अनुशासित विद्यार्थी**
अभिषेक मेचे

**सरसफाईमा उत्कृष्ट**
टिना आङ्दाम्बे

**ज्ञान कुमार थलङ्गः संस्थापक/प्रिन्सिपल**

**लिटिल एन्जल्स् इङ्लिस स्कूल परिवार**

बिर्तामोड-५, झापा (प्रदेश नं. १, नेपाल), फोन नं. ०२३-५४३९९५

नोटः आगामी शैक्षिक सत्र् २०७७का निम्ति कक्षा नर्सरीदेखि कक्षा ९ सम्म नयाँ भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं ।

# लिटिल एन्जल्स्का उत्कृष्ट विद्यार्थी पुरस्कृत



**बिर्तामोड, फागुन २६।** बिर्तामोड-५ मा रहेको लिटिल एञ्जल्स इङ्लिस स्कूलले नवौं वार्षिकोत्सवको अवसर पारेर उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण गरेको छ।

विद्यालयले अतिरिक्त क्रियाकलाप र खेलकुद प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने एक सय ८० जना विद्यार्थीलाई पुरस्कार वितरण गरेको विद्यालयका संस्थापक प्रिन्सिपल ज्ञानकुमार थलङ्गले जानकारी दिए।

त्यस्तै गतवर्ष २०७५ सालको कक्षा नर्सरीदेखि १० सम्म प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार वितरण गरेको उनले बताए।

त्यसैगरी बिद्यालय प्रथम हुने प्रवेशिका सेन्दाङ, द्वितीय हुने रोषिता तामाङ र तृतीय हुने कविता प्रधानलाई पुरस्कार वितरण गरेको उनले बताए। बिद्यालयको कक्षागत वार्षिक परीक्षामा प्रथम , द्वितीय र तृतीय हुने र बिद्यालय प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था समेत गरिँदै आइरहेको संस्थापक प्रिन्सिपल थलङ्गले जानकारी दिए।

त्यस्तै विद्यालयमा वर्षभरि नियमित आउने शोभन सुवेदी, अनुशासित बिद्यार्थी अभिषेक मेचे र सरसफाईमा उत्कृष्ट टीना आङ्देम्वेलाई समेत पुरस्कार प्रदान गरेको उनले वताए। कार्यक्रममा विद्यालयकी संस्थापिका ममता थलङ्गले समेत पुरस्कार वितरण गरेकी थिइन्। कार्यक्रमको सञ्चालन विद्यालयकी भाइस प्रिन्सिपल रोजिना राईले गरेकी थिइन्।

## जंगलमा युवतीमाथि करणी

**झापा, फागुन २६।** एक युवतीमाथि जबरजस्तीको प्रयास भएको छ। रामपुर नगरपालिका-३स्थित रजघराको सानीअमराई जंगलमा एक युवतीमाथि जबर्जस्ती करणीको प्रयास भएको हो।

जंगलबाट अर्धनग्न अवस्थामा रुँदै चिच्याउँदै गरेको अवस्थामा २० वर्षीया युवतीलाई स्थानीयले उद्धार गरी प्रहरीलाई खबर गरेपछि मात्र घटना सार्वजनिक भएको हो।

सो घटनामा संलग्न वडा नं. ३ बस्ने करिब ३३ वर्षीय गणेश पाण्डेयलाई पक्राउ गरी प्रहरीमा बुझाइएको छ। घटनास्थलमा युवतीको भित्री बस्त्र र शुरुवाल समेत फालिदिएको अवस्थामा भेटिएको प्रत्यक्षदर्शी स्थानीयले बताएका छन्।

प्रहरीका अनुसार पीडितले किटानी जाहेरी नदिएकाले कानूनी प्रक्रियामा जान ढिलाइ भएको हो। पीडितले जाहेरी नदिए पनि आरोपित व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दीपेन्द्र जिसीले बताए। पीडित युवती आफन्तको घरमा बसेर मजदूरी गर्दै आएकी थिइन्।

## नक्कली कागजात बनाउने पक्राउ

**झापा, फागुन २६।** नक्कली नेपाली नागरिकता, जन्म र मृत्यु दर्ता, बसाई सराई, विवाह दर्ता लगायतका विभिन्न सरकारी कागजातहरु बनाउने कार्यमा संलग्न बहुदरमाई नगरपालिका-७ रामनगरी बस्ने ६० वर्षीय बिन्दाप्रसाद साहलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनलाई वीरगञ्ज महानगरपालिका-१६ नगवा फुलवारीटोलबाट पक्राउ गरेको हो। प्रहरीले उनको साथबाट नेपाली नागरिकताहरु, नागरिकता बनाउन प्रयोग हुने फारमहरु, जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइ सराई, जन्म प्रमाणित लगायत नक्कली कागजात बनाउन प्रयोग हुने विभिन्न कागजातहरु समेत बरामद गरेको छ।

## चितुवाको छालासहित लिम्बू पक्राउ

**ताप्लेजुङ, फागुन २६।** फक्ताङ्लुङ गाउँपालिका-५ वेतांगु बस्ने ५५ वर्षीय टुलबिर लिम्बूलाई दुई थान चितुवाको छालासहित प्रहरीले पक्राउ गरेको छ।

प्रहरी चौकी तापेथोकबाट खटिएको प्रहरीले लिम्बूको घर खानतलासी गर्दा लुकाईछिपाई राखेको उक्त छाला फेला पारी उनलाई पक्राउ गरेको हो।

लिम्बुलाई आवश्यक अनुसन्धान एवम् कारबाहीको लागि कञ्चनजंगा संरक्षण कार्यालय पठाइएको छ।


**सम्झनुहोस्**

लोप हुँदै गएका पुराना तथा सांस्कृतिक गरगहना र हरेक किसिमका आधुनिक ढंगबाट बिना रसायन तयार गरिएका आकर्षक गरगहना उचित मूल्यमा खरिद गर्नुपरेमा तुरुन्तै सम्पर्क गर्नुहोला।

**प्रो. श्रीप्रसाद पोर्तेल** (मो. ९८१४०७०५०२)
**पाँचथरे पाथीभरा ज्वेलर्स,**
दमक-१, झापा
(फाल्गुनन्द चौकको २० मिटर उत्तर)

(नोटः घर जग्गा किनबेचको कारोबार समेत गरिने हुँदा सम्पर्क गर्नुहोला।)


## आगलागीपीडितलाई समाजवादीको सहयोग

**झापा, फागुन २६।** विद्युत् सर्ट भई आगलागीमा परेर घरसहित धनमाल गुमाएका इलामको एक परिवारलाई राहत सामग्री प्रदान गरिएको छ।

देउमाई नगरपालिका-७ पाङखोलुङ्ग निवासी चित्रबहादुर राईको परिवारलाई माई नगरपालिका समाजवादी पार्टीले आर्थिक सहयोग गरेको छ। राईको परिवारलाई खाद्यान्नसहित लत्ताकपडा सहयोग गरेको पार्टीका माई नगर अध्यक्ष टुपेन्द्र एक्तेनले जानकारी दिए।

उनले घर निर्माणका लागि समेत पहल गर्ने र लाम्देङ्वा (अधुरी जीवन) नामक चलचित्रको च्यारटी शो गरेर आर्थिक संकलन गर्दै घर निर्माणमा सहयोग पुऱ्याउने बताएका छन्।



# पितृ भवनका लागि अक्षयकोष र भूमि दान





□ होमप्रकाश अधिकारी

**बिर्तामोड, फागुन २६।** अर्जुनधारा-७मा रहेको सामुहिक उद्धार तथा उपकार संघ पितृ भवनमा पितृस्मृति अक्षयकोष स्थापना गरिएको छ।

सम्पूर्ण पितृहरुको उद्धार गर्ने उद्देश्यले सामुहिक उद्धार तथा उपकार संघ पितृभवनको आयोजनामा गत बिहीबारदेखि भइरहेको श्रीमद् गरुड पुराण सप्ताह ज्ञान महायज्ञका प्रमुख अतिथि जयनारायण ढुंगाना र अञ्जना ढुंगानाले ५० हजार प्रदान गर्दै पितृस्मृति अक्षयकोष स्थापना गरिएको संस्थाका अध्यक्ष बिशाल शिवाकोटीले बताए।

त्यसक्षेत्रका ज्येष्ठ नागरिकलाई धार्मिक तीर्थाटन गराउने, ज्येष्ठ नागरिकका लागी डे केयरको व्यवस्था गर्ने लगायतका उद्देश्यले पितृस्मृति अक्षयकोष स्थापना गरिएको उनले बताए। १० लाख रुपैयाँको अक्षयकोष स्थापना गरिने र त्यसको व्याजवाट ज्येष्ठ नागरिकको हकहितका लागि कार्य गर्ने अध्यक्ष शिवाकोटीले बताए। पुराण श्रवण गर्न आउने भक्तजनहरुले अक्षयकोषका लागि रकम प्रदान गरिरहेको उनले जानकारी दिए।

त्यस्तै पितृकार्य(काजकिरिया) गर्ने स्थानको ब्यवस्था गर्ने उद्देश्यले संस्थाले भूमिदान कार्यक्रम अघि सारेको अध्यक्ष शिवाकोटीले बताए। पुराण श्रवण गर्न आउने भक्तजनहरुले भूमिदान गर्न चाहे प्रतिस्क्वायर फिट पाँच सय रुपैयाँ तोकिएको र हालसम्म भूमिदानका लागि एक लाख रुपैयाँ संकलन भएको उनले बताए। पितृकार्य ( काजकिरिया) गर्ने स्थानका लागि एक कठ्ठा जग्गा आवश्यक भएकाले भूमिदान गरी पुण्यको भागि वन्न उनले सवैसंग अनुरोध गरेका छन्।

त्यस्तै संस्थाले निकट भविष्यमै अखण्ड दीप शुरु गर्ने उनले वताए। अर्जुनधारा जलेश्वरधामका व्यासाचार्य स्व.पुष्पलाल निरौलाको परिकल्पना रहेको अखण्ड दीपका लागि सुवेदार भीमबहादुर भट्टराईले एक लाख एक हजार रुपैयाँ प्रदान गरेको उनले वताए। कुनै समय कात्रो समेत किन्न नसकेर काजकिरिया गर्न नपाएका तत्कालीन शनिश्चरे हाल अर्जुनधारा-७का वासिन्दालाई सहयोग गर्दै स्थापना गरिएको सामुहिक उद्धार तथा उपकार संघले हाल काजकिरिया गर्न, स्वास्थ्य उपचारका लागि, आय-आर्जनका लागि सहयोग गर्दै आएको अध्यक्ष शिवाकोटीले बताए। उक्त कार्य गर्नका लागि संस्थाले सदस्यहरुमाझ ऐचोपैंचो कार्यक्रम सञ्चालन गरिएको र सो कार्यका लागि प्रत्येक सदस्यले प्रत्येक महिना दुई सय रुपैयाँ जम्मा गर्ने गरेको उनले बताए।

स्व. धनमाया र नन्दप्रसाद शिवाकोटीको स्मृतिमा उनका छोराहरुले १० धुर जग्गा प्रदान गरेको र संस्थाले १५ धुर जग्गा खरिद गरी हाल एक कठ्ठा पाँच धुर जग्गामा संस्थाको दुई तले भवन निर्माण गरिएको उनले बताए। भवनको पहिलो तलामा पुराणका लागि मण्डप, श्रवण हल, लगायत रहेको र दोश्रो तलामा चार वटा कोठा रहेको उनले बताए। चार वटा कोठामध्ये दुई वटा कोठामा त्यस क्षेत्रका धार्मिकस्थलमा भ्रमणका लागि आउने पर्यटक तथा भक्तजनका लागि आवास सुविधा उपलव्ध गराइने र एउटा कोठा विवाह, जन्मदिन, व्रतवन्ध तथा सेमीनार, पार्टी गर्न उपलव्ध गराइने उनले वताए। हाल सामुहिक उद्धार तथा उपकार संघ पितृभवनमा श्रीमद् गरुड पुराण सप्ताह ज्ञान महायज्ञ सञ्चालन भइरहेको उनले जानकारी दिए।

आगामी फागुन २८ गते सम्पन्न हुने महायज्ञको प्रमुख वाचक पण्डित उदयनाथ दाहाल र उपवाचक पण्डित घनश्याम काफ्ले रहेका छन्। महायज्ञमा दैनिक पूजा आरती, महात्मयकथा भजन कीर्तन लगायत भइरहेको उनले बताए।

पितृभवन निर्माणमा स्थानीय सरकार, प्रदेश सरकार, दाता महानुभावहरुले सहयोग गरेकोमा उनीहरुलाई धन्यवाद दिँदै अध्यक्ष शिवाकोटीले आगामी दिनमा समेत सहयोगको अपेक्षा गरिएको बताए। उक्त क्षेत्रलाई धार्मिक पर्यटकीयस्थलको रुपमा विकसित गरी बढी भन्दा वढी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउने लक्ष्य रहेको उनले वताए।


इन्द्र विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो,
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो त्यो

**भावपूर्ण श्रद्धाञ्जलि/कृतज्ञता**



जन्म
१९९४ भदौ १५

निधन
२०७६ फागुन १६

**स्व. कन्हैयालाल अग्रवाल (लालीखर्के)**

हाम्रा परम श्रदेय अभिभावक **कन्हैयालाल अग्रवाल**को यही मिति २०७६ फागुन १६ गते शुक्रवारका दिन भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत, स्तब्ध एवम् दुःखी बनाएको छ। दुःखको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।

हाम्रा श्रद्धेय अभिभावकको चिरवियोगको दुःखदायी क्षणमा हामीप्रति सहानुभूति, समवेदना प्रकट गर्नुहुने सम्पूर्ण शुभचिन्तक, छरछिमेक, इष्टमित्र, बन्धुबान्धव, कुलकुटुम्ब, राजनीतिक दल, संघ-संस्था एवम् मलामीजनहरु प्रति कृतज्ञता व्यक्त गर्दछौं।

श्रीमती : **पूर्णिदेवी अग्रवाल**

छोरा/बुहारी
**आत्माराम-यशु अग्रवाल**
**बालकृष्ण-कविता अग्रवाल**

नातिनीज्वाई
**विनु-अमित अग्रवाल**
**दिव्या-अर्जुन अग्रवाल**

नाति/नातिनी
**अन्सुल, सिमरन, शुभेच्छा, तनिस, निलेश, देवु, सलिजा, दिपेश, आकांक्षा, मनिष**

छोरी/ज्वाई
**मञ्जु-सीताराम जोधानी**
**स्व. विधा-लीलाधर बंशल**
**मिरा-नरेश अग्रवाल**

पनातिनीहरु
**एन्जल, परी**

पनाति
**आरब**

एवम् **समस्त लाली खरिया (जीन्दल) परिवार**

पूर्णिमा स्टोर, बिर्तामोड-५, झापा



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : Berkeley Security Services & Building Cleaning (Br.of Berkeley Services I

पूर्व स्वीकृति मिति [illegible] पु. विज्ञापन स्वीकृति मिति [illegible] LT. No. 221047 चलानी नं. [illegible]

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु | हप्ताका कामको दिन | दिनका कामको घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 124 | 21 | [illegible] | 800 | २५,१७०/- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | | | २ वर्ष |

**फाइनल अन्तरवार्ता यही फागुन २९ गते होटल मोक्षमा हुनेछ।**

(Govt.Lic.No. [illegible])
**(डि. के. रिभर ओभरसिज प्रा. लि.)**
**DK RIVER OVERSEAS (P.) LTD.**

फोन नं.: ९८०४९३५३८८, ९८०२०२२५२२, ९८०२०२२४२२, ९८०२०२२६२२, ९८०२०२२३२२



**UAE को राजधानी अबुधावीका लागि नेपाली ट्याक्सी ड्राइभरहरुलाई रोजगारको सुवर्ण अवसर**

नेपाली लाइसेन्स हुनेलाई युएईको लाइसेन्स ग्यारेन्टी गरिनेछ।

कम्पनी : **BAKEMART L. L. C.** शहर : **DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Helper | ८० | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

नोटः युएईको **No 1 ARABIA TAXI L.L.C. ABUDHABI** कम्पनीको लागि २०० जना नेपाली ट्याक्सी ड्राइभरहरुको माग भई आएको छ। तलब ८०० बेसिक+कमिशन गरी ४७००DHS सम्म कमाइ गर्न सकिने हुँदा जान इच्छुकले तु-सम्पर्क गर्नुहोला। उमेरको हकमा १९ वर्षदेखि माथि ४५ वर्षसम्मको हुनुपर्नेछ। अंग्रेजी सामान्य लेख्न, बोल्न सक्ने हुनुपर्नेछ।

**फाइनल अन्तरवार्ता चैत ३ गते सोमबार बिर्तामोडमा हुनेछ।**

श्रम इजाजत नं. ३९६/०६०/०६१

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**

पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)